जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

एड्स तथा यौन रोगबाट बच्न र बचाउन

- सुरक्षित यौन सम्पर्क गरौं ।
- यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं ।
- जीवाणुरहित सुईको मात्र प्रयोग गरौं ।
- एच.आई.भि. नियमित परीक्षण गरौं ।
- यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक १७७ • २०७९ साल मंसिर ६ गते मंगलबार (22 November, Tuesday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

### सर्लाहीमा महतो र सप्तरीमा यादव पछाडि

# रौतहटमा नेपाल, धनुषामा जुली, पर्सामा यादव अगाडि

## कांग्रेस पहिलो, एमाले दोस्रो, मधेशी दल कमजोर

टुडे समाचारदाता

जनकपुरधाम । प्रतिनिधि र प्रदेश सभाको मतदान सम्पन्न भएको २४ घण्टा भन्दा बढी बितिसक्दा पनि मधेश प्रदेशको अधिकांश निर्वाचन क्षेत्रको मतगणना अबेर राति मात्र सुरु भएको छ ।

मधेश प्रदेशको सर्वाधिक चर्चित निर्वाचन क्षेत्र मध्येको सप्तरी जिल्लाको क्षेत्र नम्बर-२ मा जनता समाजवादी पार्टी (जसपा) का राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव मध्यरातिसम्मको मतगणनाको परिणाम अनुसार पछाडि छन् ।

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष सी के राउतले यादवलाई ३ हजार भन्दा बढी मतले पछाडि पारेका छन् । सत्तारुढ गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टीका उम्मेदवार जयप्रकाश ठाकुर निकै पछाडि छन् ।

त्यस क्षेत्रमा पर्ने स्थानीय तहको निर्वाचनमा गठबन्धनको झण्डै ३५ हजार मत रहेको थियो । यादव र ठाकुरबीच प्रतिस्पर्धा हुने अनुमान गरिएको थियो । तर मतगणनाको प्रारम्भदेखि बज्न थालेको हरनको ध्वनि समयसँगै तेज हुन थालेको छ । ९५ हजार ३ सय ९४ मतदाता रहेकोमा कुल ६४ हजार ५ सय ६० मत खसेको थियो ।

धेरै मत गणना गर्न बाँकी नै रहेकाले मत परिणामको निष्कर्ष निकाल्न कठिन रहेपनि जिततर्फ राउत अग्रसर छन् ।



डा. चन्द्रकान्त राउत प्रदीप यादव प्रभु साह जुली कुमारी महतो

त्यसैगरी सर्लाही जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ मा लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोलाई माओवादी केन्द्रका उम्मेदवार महेन्द्र यादवले पछाडि पारेका छन् । प्रारम्भिक चरणमा पछाडि परेका महतोले जितको आश छाडेका छैनन् । उनी २०७४ सालको चुनावमा धनुषाको ३ बाट निर्वाचित भएपछि यस पटक सर्लाहीको २ बाट चुनाव लडेका हुन् । तर माओवादी केन्द्रका नेता डा.एनके यादवले महतो भारी मतले पराजित हुने दाबी गरेका छन् ।

त्यस्तै सर्लाही क्षेत्र नं. ४ मा स्वतन्त्र उम्मेदवार अमरेश सिंहले अग्रता कायम गरेका छन् ।

रौतहट जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ मा सत्तारुढ गठबन्धनबाट नेकपा एसका उम्मेदवार माधवकुमार नेपाललाई एमालेका उम्मेदवार अजय गुप्ताले कडा चुनौती दिइरहेका छन् । नेपालको मध्यराति सम्मको अग्रता १ हजार कटेको छैन् ।

क्षेत्र नम्बर ३ मा स्वतन्त्र उम्मेदवार प्रभु साहले प्रारम्भिक मतगणनामा १ हजार बढी मतको अग्रता लिएका छन् । साहलाई सत्तारुढ गठबन्धनले समर्थन गरेको थियो । उनी एमालेको टिकट छाडेर स्वतन्त्र उम्मेदवारी दिएका थिए । जितप्रति साह भने पूर्ण विश्वस्त देखिएका छैनन् ।

धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ मा नेकपा एमालेकी उम्मेदवार जुली महतोले अग्रता लिएकी छन् । जनकपुरधाम उपमहानगर पालिकाको वडा नम्बर १५ र २० को मतगणना सम्पन्न भएपछिको उनको अग्रता कायमै छ । लोसपाका उम्मेदवार अनिल कुमार झा निरन्तर पछाडि भइरहेका छन् । रौतहट जिल्लामा चुनाव जित्ने संभावना नदेखेर धनुषाको ३ बाट उम्मेदवारी दिएका झाका लागि राजेन्द्र महतो जस्तो सहज अवस्था रहेको थिएन् ।

पर्सा जिल्लाको सर्वाधिक चर्चित निर्वाचन क्षेत्र नम्बर १ बाट जसपाका निवर्तमान सांसद प्रदीप यादवले विपक्षी स्वतन्त्र उम्मेदवार अजय द्विवेदीसितको मतान्तरलाई फराकिलो बनाएका छन् । सत्तारुढ गठबन्धनबाट लोसपाका उम्मेदवार लक्ष्मण लाल कर्ण निकै पछाडि परेका छन् । प्रारम्भिक मतगणनामा यादव २ हजारको नजिक पुग्दा कर्णले सय पनि कटाउन सकेका छैनन् ।

मधेश प्रदेशको प्रतिनिधि सभा तर्फ नेपाली कांग्रेसले अग्रता लिएको छ । एमाले दोस्रो स्थानमा देखिएको छ । मधेशी दलहरुको स्थिति अत्यन्त कमजोर रहेको छ । तर प्रदेश सभामा मधेशी दलको अवस्थामा सुधार आउने संभावना रहेको छ ।



राजेन्द्र महतो उपेन्द्र यादव

मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले विपक्षी नेपाली कांग्रेसका उम्मेदवार रामनारायण कुर्मी भन्दा अग्रता लिएका छन् । पर्साको क्षेत्र नम्बर १ मा प्रतिनिधि सभाका उम्मेदवार यादव अगाडि छन् । राउत १ को 'ख' बाट चुनाव लडेका हुन् । प्रदेशको ८ जिल्लामा ३२ प्रतिनिधि सभा र ६४ प्रदेश सभा सदस्यका लागि चुनाव भएको हो ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

प्राविधिक शिक्षा भविष्यको सुरक्षा

CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।

विशेषताहरू :

१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)

फाराम भर्ने अन्तिम मिति २०७९ मंसिर ८ गते सम्म

विस्तृत जानकारीका लागि

NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हस्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851






# स्वदेशी ओटिटीमा बढ्दैछन् दर्शक

काठमाण्ड । ओटिटी (ओभर द टप) प्रतिको आकर्षण कोभिड-१९ नियन्त्रणका लागि गरिएको लकडाउनका समयमा बढ्यो । घरमै रहन बाध्य दर्शकले मनोरञ्जनको विकल्पका रुपमा 'डिजिटल प्लेटफर्म' रोजे । अन्तर्राष्ट्रियरुपमा बजार राम्रो बनाइसकेका नेटफ्लिक्स, अमेजन प्राइम भिडियो, डिज्ने प्लस हटस्टार, जी फाइभ, सोनी लिभलगायत 'ओटिटी प्लेटफर्म' दर्शकका प्रिय बनिरहँदा नेपाली एप भने ओझेलमा रहे ।

नेपालमा समेत विदेशी ओटिटीका प्लेटफर्मतर्फ बढ्दा नेपालमै रहेका आइफ्लिक्स, भिडियो पसल, सिनेमाघर जस्ता एपले भने धेरै दर्शक तान्न सकेनन् । नेपाल राष्ट्र बैंकले पाँच सय डलरसम्म वार्षिकरुपमा खर्च गर्न मिल्नेगरी कार्ड उपलब्ध गराए पनि विदेशी एपमै दर्शक बढ्दै आएका छन् । आइफ्लिक्स र चलचित्र टिभीले सफलता नपाए पछि बन्द नै भए ।

नेपालमा सन् २०१५ देखि सुरू भएको एप सिनेमाघरका प्रमुख कार्यकारी अधिकृत सागर खरेलले नेपाली दर्शकलाई युट्युबमा निःशुल्क कन्टेन हेर्ने बानी लागेकाले डिजिटल प्लेटफर्मको विकास नहुन सकेको बताउनुभयो । "हामीले सुरुआती समयमा चलचित्रको अधिकार लिएर निःशुल्करुपमै एपमा देखाउने गरेका थियौं । दर्शकलाई फिल्म हेर्ने बानी बसेपछि न्यूनतम शुल्क लिन थालेका हौँ", उहाँले भन्नुभयो, "अहिले यसको सुरक्षा प्रणाली चुस्त बनाउनाका साथै दर्शकले खोजिरहेको चलचित्र ल्याउने तयारीमा छौँ ।"

सिनेमाघर एपसँग सन् २०१८ मै जोडिनुभएका अभिनेता तथा निर्देशक खगेन्द्र लामिछानेले दर्शकलाई एपमा फिल्म हेर्ने बानीको विकास भइरहेको बताउनुभयो । "नयाँ फिल्म र ओर्जिनल कन्टेनको तयारी हामीले गरिरहेका छौँ । दर्शकको आकर्षण बढ्दै गएपछि हामीले पनि कन्टेन बढाउँन थालेका हौँ", उहाँले भन्नुभयो ।

गत कात्तिक २४ मा एपमा रिलिज भएको 'कबड्डी ४ : द फाइनल म्याच' ले प्रयोगकर्ता बढाउनाका साथै एक्टिभ पनि गरिएको प्रमुख कार्यकारी अधिकृत खरेलले बताउनुभयो । "हाम्रो ५० हजारभन्दा बढी प्रयोगकर्ता बढेको छ भने सक्रिय हुनेको सङ्ख्या धेरै भएर सर्भर नै क्याससमेत भएको थियो । यो फिल्मको आम्दानी कुनै युट्युबले दिनेभन्दा बढी छ । कुनै समय एक सय दर्शक नपाइने एपमा केही समययता दैनिक एक हजारको हाराहारीमा फिल्म हेरिरहनुभएको छ", उहाँले भन्नुभयो ।

*नेपाल राष्ट्र बैंकले पाँच सय डलरसम्म वार्षिकरुपमा खर्च गर्न मिल्नेगरी कार्ड उपलब्ध गराए पनि विदेशी एपमै दर्शक बढ्दै आएका छन् । आइफ्लिक्स र चलचित्र टिभीले सफलता नपाए पछि बन्द नै भए ।*

आइफ्लिक्स र भिडियो पसल सञ्चालन गरिसकेका ओमप्रकाश अग्रवालले भने पाइरेसीको समस्याले ओटिटीमा जोखिम रहेको बताउनुभयो । आफ्नै ओएसआर प्ले नामक एपको तयारी गरिरहेका अग्रवालले सुरक्षाको चुनौती रहेको उहाँको भनाइ थियो । "हामीले पाइरेसी रोक्ने अनेक सुरक्षा अपनाएका हुन्छौँ तर पाइरेसी गर्नेलाई कडा कारवाही नभएसम्म कन्टेन सुरक्षित हुदैनन्", सञ्चालक अग्रवालले भन्नुभयो । आइफ्लिक्स बन्द भएपछि उहाँसहितको टोलीले ओएसआर डिजिटल टिम भिडियो पसलमार्फत फिल्म दर्शक माँझ पुऱ्याइरहेको छ ।

अभिनेता लामिछानेले आफ्नो एपमा चार तहको सुरक्षा रहेको र पाइरेसी गर्नेलाई सहजै पत्ता लगाउन सकिने बताउनुभयो । "पाइरेसीसम्बन्धी शिक्षाको कमिले नै यस्तो भइरहेको छ । पक्राउ परेपछि ख्यालख्यालमै चलचित्र पाइरेसी गरिएको भन्ने सुनिन्छ । यससम्बन्धी चेतना फैल्याउनुपर्छ", उहाँले भन्नुभयो ।

डिजिटल बजारलाई सघाउन चलचित्र विकास बोर्डले नियमन गर्ने र सञ्चालन गर्ने कार्यविधि तयार गरिरहेको सदस्य फडिन्द्र कटवालले बताउनुभयो ।

'कबड्डी ४ : द फाइनल म्याच' ले गरेको कमाइको विवरण र अन्य केही नयाँ फिल्म रिलिजबारे छिट्टै जानकारी गराउने सिनेमाघरका प्रमुख कार्यकारी अधिकृत खरेलले जानकारी दिनुभयो । रासस

# सप्तरी-३ को मतगणना सुरु

**टुडे समाचारदाता**

राजविराज । सप्तरी क्षेत्र नं ३ को मतगणना सुरु भएको छ । सप्तरीको शम्भुनाथ नगरपालिकास्थित निर्वाचन अधिकृतको कार्यालयमा मतगणना सुरु भएको हो ।

जारी मतगणनाको पछिल्लो मतपरिणाम अनुसार प्रतिनिधिसभातर्फ नेपाली कांग्रेसले अग्रता लिएको छ ।

कांग्रेसका उम्मेदवार दिनेशकुमार यादवले अग्रता कायम गरेको सहायक निर्वाचन अधिकृत ध्रुवप्रसाद निरौलाले बताए ।

नेकपा (एमाले)का उम्मेदवार ताराकन्त चौधरीले दोश्रो स्थानमा छन् ।

यस्तै, जनमत पार्टीका उम्मेदवार अनिस अन्सारी तेश्रो स्थानमा रहेका निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

# महोत्तरीमा मतगणना सुरु



**टुडे समाचारदाता**


महोत्तरी । महोत्तरी क्षेत्र नम्बर १ मा मतगणना सुरु भएको छ । गौशाला नगरपालिका १ स्थित रामनगर मतदान केन्द्रबाट गणना सुरु गरिएको निर्वाचन कार्यालयले जनाएको छ ।

सर्वदलीय बैठकको निर्णय अनुसार प्रतिनिधि तथा प्रदेशसभाको प्रत्यक्ष र समानुपातिकको गणना एकैपटक सुरु गरिएको निर्वाचन अधिकृत गुणराज श्रेष्ठले जानकारी दिए ।

बिहान १० बजे बसेको सर्वदलीय बैठकले १ बजेबाट मतगणना सुरु गर्ने निर्णय गरेको थियो । दलहरुबीच समझदारी नहुँदा गणना सुरु गर्न ६ घण्टा ढिलो भएको श्रेष्ठले बताए ।

बर्दिवास नगरपालिका, गौशला नगरपालिका र भंगहा नगरपालिकाको ४ वडा गरी कुल ३० वटा वडाको मत क्षेत्र नम्बर १ मा परेको छ । ९८ हजार ४ सय ९७ कुल मतदाता रहेको यो क्षेत्रमा ६५ हजार ४ सय १० मत खसेको निर्वाचन कार्यालयले जनाएको छ ।

# वैकुण्ठधाममा मेला लाग्ने



भरतपुर।चितवनकोमाडीस्थित वैकुण्ठधाममा बालाचतुर्दशीको अवसरमा मेला लाग्ने भएको छ । मङ्गलबार बालाचतुर्दशीका दिन माडी नगरपालिका-६ स्थित वैकुण्ठधाममा मेला लाग्ने भएको हो । आफ्ना बुबाआमा नहुनेले पितृको मोक्ष प्राप्तिका लागि बालाचतुर्दशीको अघिल्लो दिन रातभर भजनकीर्तन गरी भोलिपल्ट बिहान वैकुण्ठधाम क्षेत्रमा शतबीज छर्ने र स्नान गर्ने प्रचलन रहेको छ ।

वैकुण्ठधाममा यस वर्ष बृहत् सांस्कृतिक कार्यक्रमको अयोजना गरिने भएको छ । विभिन्न जनजातिको झाँकीसहित स्थानीय कलाकारको प्रस्तुति रहने मेला व्यवस्थापन संयोजक राजकुमार परियारले जानकारी दिनुभयो । उहाँका अनुसार मेलामा आउनेले शतबीज छर्नुका साथै वैकुण्ठ ताल अवलोकन, माडीको पहिलो झोलुङ्गे पुल अवलोकन विभिन्न परिकारका खानेकुराको स्वाद लिन पाउनेछन् ।

धार्मिक पर्यटनको विकास र प्रवर्द्धनमा मेलाले टेवा पुग्ने उहाँको विश्वास छ । मङ्सिर कृष्ण चतुर्दशीका दिन परिवारभित्रका सदस्यको दिवाङ्गत आत्माको चिरशान्तिको कामना गर्दै धान, जौ, तिल, गहुँ, चना, मकै, कागुनो मिश्रित शतबीज मन्दिर वरपर छर्ने चलन छ । यसो गर्नाले पितृलाई अन्नको कमी नहुने र उनीहरूले सद्गति प्राप्त गर्ने धार्मिक विश्वास छ । मङ्सिर कृष्ण त्रयोदशीका दिन साँझबाट भोलिपल्ट सद्बीज छर्ने बेलासम्म आफ्ना पितृको नाममा बत्ती बाल्ने गरिन्छ ।

यस क्षेत्रलाई ऋषिमुनिले तपस्या गरेको, अष्टबक्र जन्मेको क्षेत्रको रुपमा लिइन्छ । बराह पुराणमा वैकुण्ठ तीर्थमा स्नान गरेमा पाप नाश हुने उल्लेख छ । श्रीराम वनबास जाने क्रममा यो क्षेत्रमा स्नान गरेको धार्मिक कथन छ । माडीको खरकट्टास्थित वैकुण्ठचोकबाट करिब साढे तीन किलोमिटरको दुरीमा वैकुण्ठ मेलास्थल पुगिन्छ । मेलास्थलबाट करिब २० मिनेटको पैदलयात्रापछि ताल हेर्न पाइन्छ । घाँघरखोलाको शिरमा रहेको यो तालको शिरमा दुई छहरा छन् । चारैतिरको हरियालीले तालको दृश्यलाई नै लोभलाग्दो बनाएको छ । तालको दक्षिणतर्फ मनै लोभ्याउने गुफा छन्, धनलक्ष्मी छहरा छ, खोली दोभान छन् । रासस

# प्रहरीद्वारा युवक कुटिए

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरी निर्वाचन क्षेत्र नम्बर २ को मत गणना स्थलमा एक युवकलाई प्रहरीले कुटपिट गरेको छ । सोमबार राति प्रहरीको झोला चेकजाँच गर्नुपर्ने माग राखेपछि भंगहा नगरपालिका- १ का सद्रे आलमलाई कुटपिट गरेरिएको छ ।

पारदर्शिता र विश्वासको लागि झोला चेकजाँच गर्न भन्दा कुटपिट गरेको युवकको आरोप छ । युवक सुरुमा एक्लै उक्त माग राख्दा प्रहरीले उनलाई कोठामा लगेर कुटपिट गरेका थिए । पछि ती युवकका सर्मथकहरु आएपछि हो-हल्ला भएको थियो । यहाँको मत गणना राति दश बजे सम्म सुरु गरिएको थिएनन् । तर ११ बजेदेखि मतगणना सुरु गर्ने निर्वाचन अधिकृतहरुले तयारी गरेका थिए ।

यहाँ पाँच दलीय गठबन्धन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट शरत सिंह भण्डारी, तामलोपाका विजयकुमार सिंह र नेकपा एमाले-जसपा गठबन्धनबाट डा राम परीक्षण यादव प्रमुख उम्मेदवार रहेका छन् ।

# धनुषा दुईमा अरगरिया र तीनमा महतोको अग्रता कायम

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्बर २ मा नेकपा एमालेका उम्मेदवार उमाशंकर अरगरिया अगाडि देखिएका छन् ।

त्यस्तै,जनता समाजवादी पार्टी (जसपा)का उम्मेदवार गंगाराम यादव दोश्रो स्थानमा रहेका छन् । तेस्रो नम्बरमा नेपाली कांग्रेसका रामकृष्ण यादव रहेका छन् ।

त्यस्तै, धनुषाको क्षेत्र नम्बर ३ मा नेकपा एमालेले अग्रता कायम राखेको छ । यस क्षेत्रमा





नेकपा एमालेबाट जुली महतो उम्मेदवार छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका उम्मेदवार अनिलकुमार झा दोश्रो स्थानमा छन् भने तेश्रो स्थानमा जनमत पार्टीका ई.शम्भुनाथ साह रहेका छन् ।

# मोरङ-६ मा नेता कोइराला र क्षेत्र नं ५ मा स्वतन्त्र उम्मेदवार मण्डलको अग्रता

मोरङ । मोरङ जिल्लामा आइतबार सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनअन्तर्गत क्षेत्र नं ६ को प्रतिनिधिसभातर्फ सत्ता गठबन्धन दल नेपाली कांग्रेसका डा शेखर कोइरालाले सात सय २१ मत ल्याउनुभएको छ ।

मोरङका प्रमुख निर्वाचन अधिकृतको कार्यालयका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले आज साँझ ७:४५ बजे सार्वजनिक गर्नुभएको एक हजार छ सय ७४ मतगणनामा नेकपा एमालेका लालबाबु पण्डितले पाँच सय ३४ र राप्रपाका गोपाल क्षेत्री कटुवालले एक सय एक मत प्राप्त गर्नुभएको छ । यसैगरी क्षेत्र नं ६ (१) प्रदेशसभातर्फ नेकपा एमालेकी रिना न्यौपानेले छ सय ६२, नेकपा माओवादी केन्द्रका जीवन आचार्यले पाँच सय ५७ र राप्रपाका हिरा भट्टराईले तीन सय चार मत ल्याउनुभएको छ ।

मोरङ क्षेत्र नं ५ प्रतिनिधिसभातर्फ स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डल (जोगी) ले एक हजार पाँच सय ७२, नेकपा माओवादी केन्द्रका शिवकुमार मण्डल (केवट) ले ५७६ र जसपा नेपालका राजकुमार यादवले २८९ मत प्राप्त गर्नुभएको छ । उक्त मत दुई हजार नौ सय ३६ मतगणनामा प्राप्त गर्नुभएको सूचना अधिकारी बुढाथोकीले बताउनुभयो । यसैगरी क्षेत्र नं ५'१' प्रदेशसभातर्फ नेकाका गयानन्द मण्डल गनगाईंले एक हजार दुई सय १९, नेकपा एमालेका सन्तोषकुमार साहले आठ सय ४८ र राप्रपाकी सोनलकुमारी गुप्ता साहले दुई सय २५ मत गर्नुभएको छ ।

# लमजुङ प्रतिनिधिसभाका उम्मेदवार गुरुङको निधन

लमजुङ । जनता समाजवादी पार्टी (जसपा)बाट लमजुङ प्रतिनिधिसभा सदस्य उम्मेदवार रहनुभएका नरेन्द्र गुरुङको निधन भएको छ । केही दिनदेखि अस्वस्थ रही चितवनमा उपचारत गुरुङको आज निधन भएको सो पार्टीका केन्द्रीय सदस्य खेमजङ्ग गुरुङले जानकारी दिनुभयो ।

मर्स्याङ्दी गाउँपालिका-१ घनपोखराका उम्मेदवार गुरुङ अन्दाजी ६२ वर्षको उमेरमा उच्च रक्तचापका कारण निधन हुन पुगेको उहाँको भनाइ छ । शनिबार रक्तचापका कारण बेहोस भएपछि तत्काल बैंसीसहरमा रहेको जिल्ला अस्पतालमा लगे पनि थप उपचारका लागि चितवनमा लगेर उपचार हुँदै आएको थियो ।

जिल्लामा आज दिउँसोदेखि नै मतगणना जारी छ । हालसम्म मतगणना भएको चार हजार नौ सय चार मतगणना हुँदा निधन भएका गुरुङको पक्षमा पाँच भोट प्राप्त भएको मुख्य निर्वाचन अधिकृत शिवप्रसाद खनालले बताउनुभयो ।

उहाँले भन्नुभयो, उहाँको दुःखद निधन भएको अपुष्ट खबर प्राप्त भएको छ, निधन भए पनि मतगणना भने जारी रहन्छ । प्रतिनिधिसभातर्फ उहाँसहित नेकपा (एमाले)का उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, नेकपा (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका पूर्वअध्यक्ष बालचन्द्र श्रेष्ठलगायत ११ जना उम्मेदवार रहेका छन् ।

मृतक गुरुङ पार्टीको गण्डकी प्रदेशको सदस्यसमेत हुनुहुन्थ्यो । मृतक गुरुङको श्रीमती चार छोरा छन । बिरामीका कारण आइतबार मतदानसमेत गर्न नपाएको उक्त पार्टीका केन्द्रीय सदस्य गुरुङले बताउनुभयो । उहाँका अनुसार पार्टीका उम्मेदवारको प्रतिनिधि बनेका विकास गुरुङ र बलबहादुर रानालाई मतगणना स्थलबाट फिर्ता बोलाइएको छ । रासस

*मृतक गुरुङ पार्टीको गण्डकी प्रदेशको सदस्यसमेत हुनुहुन्थ्यो । मृतक गुरुङको श्रीमती चार छोरा छन । बिरामीका कारण आइतबार मतदानसमेत गर्न नपाएको उक्त पार्टीका केन्द्रीय सदस्य गुरुङले बताउनुभयो ।*

# सिन्धुली-१ को मतगणना सुरु

कमलामाइ ।सिन्धुली निर्वाचन क्षेत्र १ को मतगणना आज राति नौबजेबाट सुरु भएको छ । निर्वाचन क्षेत्र नम्बर २ मा साँझ ६:३० बजेदेखि मतगणना सुरु गरिएको थियो ।

निर्वाचन क्षेत्र नम्बर १ को मतगणना तिनपाटन गाउँपालिकाबाट सुरु गरिएको मुख्य निर्वाचन अधिकृत उपेन्द्रप्रसाद गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्षतर्फ मतगणना एकैसाथ सुरु भएको हो । यो सकिएपछि समानुपातिकतर्फका मतगणना सुरु हुने उहाँले बताउनुभयो ।

प्रतिनिधिसभा सदस्यमा गठबन्धनतर्फबाट नेपाली कांग्रेसका श्यामकुमार घिमिरे र नेकपा एमालेका प्रदीप कटुवालबीच प्रतिस्पर्धा हुने देखिएको छ । प्रदेशसभा सदस्यतर्फ निर्वाचन क्षेत्र नम्बर १ को (१) मा गठबन्धनतर्फबाट नेकपा माओवादी केन्द्रका मातृकाप्रसाद भट्टराई (वसन्त) र नेकपा एमालेबाट सुवास देवकोटाबीच प्रतिस्पर्धा हुनेभएको छ । निर्वाचन क्षेत्र नम्बर १ को (२) मा गठबन्धनतर्फबाट नेपाली कांग्रेसका रामकुमार पहाडी र नेकपा एमालेका रामकुमार कार्की एक अर्काका प्रतिस्पर्धी छन् ।

सिन्धुलीमा ५६ प्रतिशत मत खसेको निर्वाचन कार्यालयले जनाएको छ । दुई निर्वाचन क्षेत्रका दुई लाख आठ हजार तीन सय ६९ मतदाता रहेकोमा एक लाख १८ हजार नौ सय ६० मत खसेको प्रारम्भिक तथ्याङ्क रहेको निर्वाचन कार्यालयले जनाएको छ । रासस

## तपाईको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : अवसर प्राप्त । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कूम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : धन बृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




वीरगन्जको आदर्शनगरस्थित ठाकुर राम बहुमुखी क्याम्पसको मतगणना केन्द्रमा मत पेटिका खन्याउँदै पर्साका मुख्य निर्वाचन अधिकारी विनोदकुमार पोखरेल । *तस्बिर : रासस*



सप्तरी क्षेत्र नं २ को मतगणना गर्न मतपत्र मिलाउँदै कर्मचारी । यहाँबाट जसपा अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा सिके राउत र लोकतान्त्रिक बाम गठबन्धनबाट जयप्रकाश ठाकुर प्रतिनिधिसभाका उम्मेदवार हुनुहुन्छ । *तस्बिरः रासस*

# देशभरका शिवालयमा महादीपान सुरु, पशुपति क्षेत्रमा लाखौँ भक्तजन

काठमाण्डु । पशुपति क्षेत्रलगायत देशभरका शिवालयमा दिवङ्गत पितृको सद्गतिको कामना गर्दै महादीपदान सुरु भएको छ । प्रत्येक वर्ष मार्गशीर्षकृष्ण त्रयोदशीका दिन पशुपति क्षेत्रलगायत देशभरका शिवालयमा दिवङ्गत पितृको सद्गतिको कामना गर्र्दै महादीपदान पर्व मनाइन्छ । यो पर्वलाई पशुपतिनाथ मेलाका रुपमा समेत चिनिन्छ । महादीपदान गर्न आज बिहानदेखि पशुपति क्षेत्रमा भक्तजनको चहलपहल सुरु भएको थियो ।



मार्गशीर्ष कृष्ण त्रयोदशीका बिहानदेखि भेला भएका भक्तजनले अहिले बेलुकी विधिपूर्वक पितृका नाममा बत्ती बाल्न थालेका छन् । चतुर्दशीका दिन मङ्गलबार बिहान भने दिवङ्गत पितृको सद्गतिको कामना गर्दै शतबीज छरिन्छ । त्रयोदशीको बेलुकीदेखि दिवङ्गत पितृका नाममा अखण्ड महादीपदान गरी बसेका भक्तजनले चतुर्दशीको बिहान पितृको सद्गतिको कामना गर्दै शतबीज छर्ने परम्परा छ ।

दिवङ्गत पितृका नाममा महादीपदान गर्न लाखौँ भक्तजन पशुपति क्षेत्रमा आएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । बत्ती बाली भक्तजन रातभर शिवालयमा जाग्राम बस्छन् । आज रातभर दीपदान गरी बसेका भक्तजनले मङ्गलबार बिहानै पितृको सम्झनामा शतबीज छरी बालाचतुर्दशी पर्व मनाउँछन् ।

प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बालाचतुर्दशी पर्व मनाउन देशका विभिन्न स्थानबाट भक्तजन पशुपतिनाथमा आउँछन् । बत्ती बाल्न बस्ने ठाउँ रोक्न बिहानैदेखि देशका विभिन्न स्थानबाट आएका भक्तजनको पशुपतिमा भीड लाग्ने गरेको हो । जाडोको मौसम भएकाले पाललगायत व्यवस्था गरिएको कोषले जनाएको छ । पशुपति क्षेत्रमा आज बिहानैदेखि सुरक्षाकर्मीलगायतको बाक्लो उपस्थिति रहने गरी व्यवस्था मिलाइएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिनुभयो ।

आफ्नो परिवारभित्रका दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै एक सय आठ शिवलिङ्ग, कैलाश, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुह्येश्वरी, पशुपति, मृगस्थली, विश्वरूप र किराँतेश्वर आदि ठाउँमा शतबीज छर्ने गरिन्छ । बालाचतुर्दशीको पूर्वसन्ध्या मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन राति भक्तजनले पशुपतिनाथको मन्दिर वरपर बसी दिवङ्गत आत्माका नाममा महादीप बाली भजनकीर्तन र लोक झाँकी प्रस्तुत गरी रात बिताउँछन् ।

शतबीज भनिए पनि हाल सप्तबीज (धान, जौ, तिल, गहुँ, चना, मकै, कागुनो) छर्दै मृगस्थलीमा रहेका बहिरा गणेश नजिक आइपुगेपछि उक्त गणेशको शिलालाई हल्लाउँदै ठूलो स्वरले दिवङ्गत आत्माले पाउने गरी सन्देश पुर्‍याउन अनुरोध गरिन्छ । हेमाद्रि नामक धर्मग्रन्थमा उल्लेख गरिएअनुसार शतबीज भन्नाले धानका सय गेडा छर्नुपर्ने अरू अन्न होइन भन्नुहुन्छ, धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम ।

ँभगवान् शिव मृगरूप लिएर घुम्नुभएको पुण्यक्षेत्रमा आजका दिन एक गेडा बीज छर्दा एक गेडा सुन दान गरे बराबरको पुण्य मिल्ने र दिवङ्गत आत्माले पनि मुक्ति पाउने चर्चा विभिन्न धर्मग्रन्थमा गरिएको छ', उहाँले भन्नुभयो ।

वाग्मती किनारको मृगस्थलीमा भगवान् शिव मृगरूप धारण गरेर विहार गर्नुभएको थाहा पाई त्यस शिवरूपी मृगलाई चिन्न पार्वतीले विभिन्न किसिमको बीज छरेको र ती बीज उम्री हरिया भएपछि मृगहरू आउँदा सो बथानमा भगवान् शिवलाई पार्वतीले चिन्न सकेको किंवदन्ती छ ।

यसैगरी बालाचतुर्दशीसँग जोडिएको अर्को एउटा कथा पनि छ । सो कथाअनुसार उहिले पशुपतिको मुर्दाघाटमा बस्ने ' बालानन्द' नामका एक मानिस खाजा खान लाग्दा त्यसै बखत पोलिएको शवको टाउको फुट्न गई उछिट्टिएको गिदी उनको च्युरामा परेको थियो । सो गिदीसँगै च्युरा खाँदा झन् मीठो भएकाले त्यसै बेलादेखि उनी मुर्दाको गिदी खान पल्किए ।

त्यसपछि मानिसको गिदी खाने तथा लामालामा दाह्री, जुँगा र कपालले गर्दा मानिस डराई उसलाई बालासुर राक्षस भन्न थालेको र त्यसै बखत उसको राम्रो परिचय पाएका एकजना थकाली बूढाको सल्लाहअनुसार स्थानीय बासिन्दाले बालासुरको मित वृषसिंहमार्फत् उसलाई मार्न लगाएको कथा पनि प्रचलित छ ।

आफ्ना मितको हत्याबाट छट्पटाएका वृषसिंहलाई एक रात सपनामा भगवान् शिवजीले दर्शन दिई शतबीज छर्ने आज्ञा दिनुभएको थियो । मार्गकृष्ण चतुर्दशीका दिन श्लेषमान्तक वनको वरिपरि शतबीज छर्दा बालासुर वैतरणी तरेर गएकाले त्यसै बेलादेखि यस दिनलाई बालाचतुर्दशी भनी दिवङ्गत आत्माको शान्तिका लागि शतबीज छर्ने गरिएको हो ।

मातापिता दिवङ्गत भई एक वर्ष पूरा नभएकाले भने शास्त्रीय रुपमा दीपदान एवं शतबीज रोपण गर्नुनहुने धर्मशास्त्रविद् गौतमले सुनाउनुभयो । धर्मसिन्धु नामक ग्रन्थमा बरखी बारेकाले शिवको पूजाआजा त परको कुरा नामसमेत लिनु नहुने उल्लेख गरिएको छ । यस अवसरमा पशुपति क्षेत्र पुग्ने भक्तजनले वासुकी र गुह्येश्वरीको पूजा गर्नुपर्ने शास्त्रीय वचन रहेको जनाइएको छ ।

पशुपतिनाथसँगै राजधानीका गोकर्णेश्वर, डोलेश्वर, वसन्तपुरस्थित सानो पशुपतिनाथलगायत शहर बजारका अन्य शिवालयमा पनि भक्तजनको भीड लागेको छ । जुनसुकै शिवालयमा पनि महादीपदान एवं शतबीज छर्न सकिने पण्डित श्रीराम सापकोटा बताउनुहुन्छ ।

महादीपदान गर्नेसँग शुल्क लिइँदैन : पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्रमा महादीपदान गर्न आउने भक्तजनसँग कुनै शुल्क नउठाइने कोषले जनाएको छ । कोषले शुल्क नलिने भए पनि केही मानिसले भक्तजनसँग शुल्क उठाउने गरेको सूचना पाएकाले महादीपदान छोडेर जाने भएमात्र कोषका तर्फबाट रु एक हजार पाँच सय पाँचको रसिद काट्न आह्वान गरिएको संस्कृति संरक्षण महाशाखा प्रमुख उपनिर्देशक गौरीशङ्कर पराजुलीले राससलाई जानकारी दिनुभयो ।

आज रातभर आफैँ महादीपदान कुरेर बस्ने भक्तजनले कुनै शुल्क तिर्नुनपर्ने उहाँले बताउनुभयो । दीप कुरेर बस्ने भक्तजनसँग कसैले पैसा मागेमा प्रहरीलाई खबर गर्न पनि उपनिर्देशक पराजुलीले अनुरोध गर्नुभएको छ । यस्तो समूहलाई कानुनबमोजिम कारबाही गरिनेछ ।

पशुपति क्षेत्रमा अग्नि नियन्त्रकको व्यवस्था गरिएको छ । दीपदानको पर्व भएकाले आगलागीको सम्भावित खतरा नियन्त्रणका लागि अग्नि नियन्त्रक यन्त्रको व्यवस्था गरिएको हो । यसैगरी महादीपदान गर्न आउने भक्तजनका लागि पर्याप्त मात्रामा त्रिपालको व्यवस्था गरिएको छ । भक्तजनलाई चिसो नहोस् भनेर गत वर्षभन्दा बढी त्रिपालको व्यवस्था गरिएको हो । मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बिहान स्नान गर्न भक्तजनका लागि विभिन्न स्थानमा अस्थायी धाराको व्यवस्था पनि गरिएको छ ।

यसैगरी लाखौँ भक्तजनका लागि ठाउँठाउँमा अस्थायी शौचालय स्थापना गरिएको छ ।

बिहान बेलुका जाडो बढेकाले पशुपति क्षेत्रका विभिन्न स्थानमा धुनी जगाउन दाउराको व्यवस्था गरिएको छ । भष्मेश्वर, बोडेपाटी, रामन्दिर, बाहिरी पश्चिम मूल ढोकालगायत स्थानमा धुनी जगाइने कोषका प्रवक्ता अधिकारीले जानकारी दिनुभयो ।रासस

# प्रतिनिधिसभा गोरखा क्षेत्र नं २ को मतगणना सुरु

गोरखा । मतदान सम्पन्न भएको झन्डै २७ घण्टापछि प्रतिनिधिसभा गोरखा क्षेत्र नं २ को मतगणना आज साँझ अबेर पछि सुरु भएको छ । गोरखा नगरपालिका-९ दलभन्ज्याङस्थित भू तथा जलाधार व्यवस्थापन कार्यालय, कार्यान्वयन एकाइको भवनमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा मतगणनाको सुरु भएको सहायक निर्वाचन अधिकृत शिव रेग्मीले जानकारी दिनुभयो ।

बिहान ११ बजेदेखि सुरु गरिने भनिएको मतगणना ढिलो गरी सुरु भएको हो । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले केही मतदान केन्द्रमा मतदानका क्रममा धाँधली भएको भन्दै विरोध जनाएका कारण सर्वदलीय सहमति कायम ढिलाइ हुँदा मतगणना सुरु गर्न ढिलाइ भएको थियो । अहिले तीनवटा गाउँपालिकाका मतपत्र मिसाएर गणना सुरु गरिएको उहाँले बताउनुभयो ।

गोरखा क्षेत्र नं २ मा कूल मतदाता सङ्ख्या एक लाख पाँच हजार दुई सय ४० जना रहेकामा ५३ हजार नौ सय ७८ मत खसेको निर्वाचन कार्यालयले जनाएको छ । उक्त क्षेत्रमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) गठबन्धनबाट प्रतिनिधिसभाको उम्मेदवार रहनुभएको छ ।

त्यस्तै गरी गठबन्धनकै तर्फबाट प्रदेशसभातर्फ २ (१) मा नेपाल समाजवादी पार्टीका फणीन्द्र देवकोटा र २ (२) मा कांग्रेसका तर्फबाट सुरेन्द्रराज पाण्डे उम्मेदवार रहनुभएको छ । अध्यक्ष प्रचण्डका प्रत्याशीका रुपमा एमालेका अब्दुस मियाँ र नेपाल स्वतन्त्र पार्टीका कवीन्द्र बुर्लाकोटी यस क्षेत्रमा चुनावी मैदानमा रहनुभएको छ । रासस

# प्रतिनिधिसभा र प्रदेशसभामा गठबन्धनको अग्रता



दमौली । तनहुँ क्षेत्र नं २ को प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा वाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवारले अग्रता लिएका छन् ।

वाम लोकतान्त्रिक गठबन्धनका तर्फबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार नेपाली कांग्रेसका शङ्कर भण्डारी र प्रदेश १ मा नेकपा (माओवादी) केन्द्रका राजेन्द्रकेशरी न्यौपानेले अग्रता लिनुभएको छ । प्रदेश २ मा भने मतगणना हुन बाँकी छ ।

कांग्रेसका भण्डारीले दुई हजार छ सय ५१ मत प्राप्त गर्नुभएको छ । प्रतिस्पर्धी नेकपा (एमाले) का किरण गुरुङले दुई हजार एक सय ३२ मत प्राप्त गर्नुभएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका विजय जोशीले पाँच सय २० मत प्राप्त गर्नुभएको छ ।

तनहुँ २ प्रदेश १ मा नेकपा (माओवादी) केन्द्रका राजेन्द्रकेशरी न्यौपानेले छ सय ८१ मत प्राप्त गर्नुभएको छ । प्रतिस्पर्धी नेकपा (एमाले) का श्यामराजा महतले चार सय ७३ मत प्राप्त गर्नुभएको छ । क्षेत्र नं २ मा एक लाख २५ हजार पाँच मतदाता रहेकामा ६८ हजार दुई सय ७१ मत खसेको निर्वाचन कार्यालयले जनाएको छ ।रासस

# मोरङमा मतगणना जारी

विराटनगर । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यमा आइतबार भएको मतदानको मोरङको विभिन्न निर्वाचन क्षेत्रको मतगणना अहिले जारी छ ।

सर्वदलीय सहमतिका आधारमा मोरङको मतगणना थालनी गरिएको प्रमुख जिल्ला अधिकारी काशीनाथ दाहालले जानकारी दिनुभयो । उहाँले मतगणनालाई सहज बनाउन उम्मेदवार र एक/एक जना दलका प्रतिनिधिसभा मात्र बस्न पाउने निर्णय गरेको बताउनुभयो । मोरङ क्षेत्र नं. ३ मा भने सोमबार दिउँसो २:२५ देखि समानुपातिकतर्फ मतगणना सुरू भएको हो । मोरङमा क्षेत्र नम्बर १ को उर्लाबारी नगरपालिका भवन, क्षेत्र नम्बर २ को विश्वनाथ मन्दिर रतुवामाईमा र क्षेत्र नम्बर ३ को भगवती मावि, बेलबारीमा मतगणना भएको छ । क्षेत्र नम्बर ४, ५ र ६ को आदर्श मावि, विराटनगरमा मतगणना भइ रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

मोरङमा जम्मा मतदाता सात लाख ३५ हजार पाँच सय २५ रहेको तथा खसेको मत चार लाख ८७ हजार ४७ रहेको निर्वाचन कार्यालयले जनाएको छ । आइतबार भएको निर्वाचनमा मोरङमा ६६ दशमलव २२ प्रतिशत मत खसेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख लेवन कश्यप अधिकारीले बताउनुभयो ।रासस

# एमालेको सुरुआती अग्रता

धनकुटा । धनकुटामा नेकपा (एमाले) को सुरुआती अग्रता देखिएको छ । केहिबेर अघिबाट मात्र मतगणता सुरु भएको धनकुटामा पहिलो चरणको मतपरिणाम सार्वजनिक गरिँदासम्म एमालेका राजेन्द्रकुमार राई चार सय ६२ मतसहित पहिलो स्थानमा हुनुहुन्छ । उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका सुनीलबहादुर थापाको चार सय ३१ मत रहको छ ।

त्यस्तै तेस्रो नम्बरमा स्वतन्त्र उम्मेदवार हेमराज भण्डारीले २४ मत प्राप्त गर्नुभएको छ । धनकुटा १ (१) प्रदेशसभातर्फ पनि नेकपा (एमाले) को सुरुआती अग्रता देखिएको छ । एमालेका प्रदेशसभा उम्मेदवार निरन राईले चार सय ६० मत पाउँदा नेकपा (एकीकृत समाजवादी) अर्जुन राईले तीन सय २३ मत पाउनुभएको छ । रासस

रोजगार बनौ । Admission Open रोजगार बनौ ।।

जनकपुर अंचल भरीमै लगातार उत्कृष्ट रिजल्ट ल्याउन सफल एक मात्र सु-प्रसिद्ध तालिम केन्द्र

**शंकर टेक्निकल**

शैक्षिक सत्र २०७९/२०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट मात्र खाली रहेको हुनाले पुनः प्रवेश परीक्षा संचालनका लागि आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**DIPLOMA PROGRAMME**

◆ ल्याब टेक्निसियन (CMLT) ३ वर्षे

**PRE-DIPLOMA PROGRAMME**

◆ बिद्युत सब- ओभरसियर (E.S.O.) १८ महिना
◆ सिभिल सब- ओभरसियर (E.S.O.) १८ महिना
◆ सर्भे ईन्जिनियरिङ्ग (अमिन नापी) १८ महिना

कोर्षहरुमा Diploma को लागि S.L.C. तथा SEE मा न्यून्तम 2GPA तथा प्रि-डिप्लोमाको लागि SLC तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाको लागि सर्म्पक गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनु होस् ।

**फारम भर्ने अन्तिम मितिः-** २०७९/मंसिर/०८ गते सम्म

**पुनः प्रवेश परीक्षा हुने मितिः-** २०७९/मंसिर/१० गते शनिबार विहान ८:०० बजे

**सर्म्पक स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जिरोमाईल (कबरगाह देखी दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम

फोन नं. ०४१-४२१३६२, ९८४४०३८३६७, ९८१२०९१४६४



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# परिवर्तनको पक्षमा मत

नेपालको प्रतिनिधि र प्रदेश सभा सदस्यका लागि आइतवार सम्पन्न भएको मतदानमा परिवर्तनको पक्षमा मत परेको देखिएको छ ।सत्ताको निरन्तरता अथवा परिवर्तनका लागि भएको चुनावमा व्यवस्था नै परिवर्तनको संकेत आएको छ ।चुनावमा विभिन्न दलहरुले उम्मेदवार उठाएका थिए ।उनीहरु चुनावमा जितेर संसदमा जाने लक्ष्य लिएका छन् ।तर व्यवस्था परिवर्तन गर्न समेत मतदान भएको देखिएको छ ।संघीय राजधानी काठमाण्डु महानगरपालिकाका मेयर बालेन साहले प्रतिनिधि सभा र त्यसको समानुपातिक तर्फ मात्र मतदान गरे ।उनले प्रदेश सभा अनावश्यक र दलको कार्यकर्ता भर्ती गर्ने निकाय मात्र रहेको भन्दै प्रदेश सभाका प्रतिनिधि चयन गर्न उनले मतदान गरेनन् ।साह देशको राजधानी काठमाण्डुका मेयरमा स्वतन्त्र भएर चुनाव जितेका हुन् ।उनले प्रदेश सभाको बिरोध गर्नु भनेको प्रत्यक्ष रुपमा संघीयताको बिरोध गर्नु हो ।त्यसैगरी संघीयताको कडा बिरोधगर्दै स्वतन्त्र पार्टीको नाम दिएर चुनावमा उत्रेका रवि लामिछानेले प्रदेश सभाका लागि उम्मेदवार नै उठाएनन् ।उनको पार्टीले पनि काठमाण्डु, भरतपुर, कास्की लगायतका जिल्लाहरुमा राम्रो मत ल्याएको छ ।प्रत्यक्ष तर्फ पनि स्वतन्त्र पार्टीले केही स्थान जित्ने र समानुपातिक तर्फ पनि सिट पाउने अवस्था देखिएको छ ।राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि संघीयताको बिरोधगर्दै धर्मनिरपेक्षताको पनि बिरोध गरेको छ ।प्रतिनिधि सभामा राप्रपाको अवस्था पनि अपेक्षा गरिए भन्दा कमजोर देखिदैन् ।हुनत सोमवार ढिला मतगणना सुरु भएकोले प्रारम्भिक मतगणनाको रुझानले नतिजाकै अनुमान गर्न सकिदैन् ।तर प्रारम्भिक संकेत संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पक्षमा भने छैन् ।चुनावमा मतदाताले व्यक्त गरेको अभिमतलाई गठबन्धनका दलहरुले हलुका रुपमा लिनु हुँदैन् ।मतदाता परिवर्तनको पक्षमा मत जाहेर गरिसकेको यथार्थलाई स्वीकार गर्नु आवश्यक छ ।ठूला दलका ठूला नेताहरुको कृयाकलापले जनतामा व्यापक आक्रोश देखिएको छ ।युवा र परिवर्तनका पक्षधर उम्मेदवारहरुको पक्षमा जनमत देखिएको छ ।लामो समयदेखि सत्ता अथवा त्यसको वरिपरि रहेका नेताहरुको विपक्षमा मतपरिणाम जाने प्रारम्भिक संकेत आएको छ ।देशमा विकास नभै भ्रष्टाचार हुनुको प्रमुख कारण राजनीतिक अस्थिरता नै हो ।राजनीतिक अस्थिरताको कारण देशमा अनेकौ विकृत्तिहरु फैलिएका छन् ।मुलुकमा विदेशी ऋणको भार दिनहुँ बढदो छ ।किसानले मल पाउँदैन् ।काम नपाएर युवा जनशक्ति विदेश जान्छन् ।यस्ता कयौं समस्याहरुलाई समाधान गर्न असफल नेताहरुको विकल्प मात्र नभै हालको व्यवस्थालाई समेत असफल बनाउन चुनावमार्फत जनताले मत प्रकट गरेका छन् ।समयमै सचेत नभए संघीयता नै धरापमा पर्ने संकेत आइसकेको छ ।

# पुरानै परिणामको प्रतीक्षा



रोशन जनकपुरी

मंसिर ४ गतेको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सकिसकेको छ र मतगणना शुरु भैसकेको छ । यो लेख प्रकाशितहुनेबेलासम्मकयौं परिणाम प्रकाशित भैसकेकोपनि हुनसक्छ , र सम्भव छ आगामीप्रतिनिधिसभा र प्रदेश सभाको चित्रअधिकतम् प्रष्ट भैसकेको हुनेछ । मतगणनाका अत्यन्तप्रारम्भिकसंकेतहरुलेआंशिकरुपमाकेहीअप्रत्यासित परिणामकोसम्भाव्यता देखाएपनि समग्रमाप्रमुख राजनीतिकदलहरुको नै वर्चस्व कायम रहने देखिन्छ। मतदानपछिनिर्वाचनआयोगको विज्ञप्ति अनुसार यस पटक ६१प्रतिशतमतदाताले मात्रमतदान गरेका छन् । यो तथ्याङ्कविगतको निर्वाचनहरुभन्दानिकै कम छ। राज्यसत्ताको जनहितप्रतिकूलआचरण र व्यवहारको कारण राजनीतिकदलहरुप्रतिवितृष्णा विगतदेखी नै विविध माध्यमबाट अभिव्यक्तहुँदै आएको हो ।

मतदानको खस्किँदो प्रतिशतलेजनतामावर्तमान सत्ताधारी सरकार र प्रतिपक्षी राजनीतिकदलहरु प्रतिगहिरो उदासीनता प्रष्ट भएको छ । यस राजनीतिकव्यवस्थाका सञ्चालक राजनीतिकदलहरुको निम्ती यो चेतावनीपूर्णअवस्थाहो । यस्ले गणतन्त्र र संघियता सहितको वर्तमान राजनीतिक प्रणालीमा स्वामित्वदावीगर्ने राजनीतिक पार्टीहरुले सचेततापूर्वक सत्ता सञ्चालन, राजनीतिक ढाँचा र जनप्रतिनिधिचयनको विधिबारे विमर्श र मननगर्नु आवश्यक छ।

यस पटकको निर्वाचनको प्रारम्भिक संकेतहरुले पहाडी शहरी क्षेत्र र राजधानीमा रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टी प्रभावशाली पार्टीको रुपमाउदाउनु उल्लेखनीय परिघटनाको रुपमालिन सकिन्छ । यस्ले शहरीक्षेत्रमा बस्ने मध्यवर्गमा लामिछानेको आकर्षण बढी रहेको जनाउँछ ।तीनमहिनापहिले असौजमा पार्टी गठन हुनु र मंसीरमानिर्वाचनमाप्रभावशाली पार्टीको रुपमाउदाउनुले वर्तमान संसदिय राजनीतिलाई विचार र राजनीतिक पृष्ठभूमीको तुलनामाप्रबन्धकीय (म्यानेजरल) बनाउँछ। यसको अर्थ पर्याप्तआर्थिक स्रोत, अन्तर्विरोधहरुको पहिचान र व्यवस्थापकीय निपुणता छ भने राजनीतिक पृष्ठभूमि नभएपनि सेलिब्रेटी आकर्षण पैदा गरेरनिर्वाचनजित्न सकिन्छ ।यी सेलीब्रेटी कुनैपनि क्षेत्रका हुनसक्छन्, पत्रकार, कलाकार, चिकित्सक, इन्जिनियर वा यस्तै केही। तर जनहितको दृष्टिले यो घातक प्रवृत्तिहो ।

वैचारिक राजनीतिक प्रतिबद्धतापनि न हुने, जनताको पक्षमा संघर्ष गरेको राजनैतिक पृष्ठभूमिपनि नहुने, र अचानक परिदृश्यमा देखापरेर निर्वाचनजित्नथाल्नु,निकास खोजीरहेको जनताको निम्तीअर्को भ्रम र फेरी धोकाखाने स्थिति बन्छ। तर विश्वराजनीतिमायसप्रकारकापरिणामहरुबेलाबेलामा देखिने गर्छन् । भारतको असममाबीसौं शताब्दीको अस्सीको दशकमाप्रफुल्लमोहन्ताको विद्यार्थीहरुको सरकार र २०१४पछि दिल्लीमाउदाएको आमआदमी पार्टी यसकाउदाहरणहरु हुन् । तर दलिय राजनीतिमा यो अपवादपूर्ण स्थिति हो । राजनीतिकदलहरुको असक्षमता, स्वार्थ, लोभलालच, कुर्सीको छीनाझपटी तथा पूर्णतः गैरराजनीतिक र गैरजनवादीव्यवहार हरुको कारण जनसमुदायमाउदासीनतातथावितृष्णा उत्पन्नभएको स्थितिमा यस्ता परिणामहरु देखिने गर्छन् । नेपालमै गत स्थानियतहको निर्वाचनमा राजधानीको मेयरमाप्रमुख राजनीतिकदलहरुको उम्मेदवारहरुलाई पराजित गरेर बालेन साहको विजयपनिजनताको यस्तै वितृष्णाको परिणाम हो । यद्यपि यस परिणामका पछाडीपनि लामो सुनियोजित सञ्जालहरुको माध्यमबाटप्रोगन्डा र प्रचारको भूमिका रहन्छ ।रवि लामिछानेको राजनीतिकउदय यसै प्रबन्धकीय निपुणता तथा योजनाबद्ध प्रचारको परिणाम हो । समग्रमाप्रारम्भिक सम्भावनाहरुअनुसार नै परिणाम आयो भने यस पटकको प्रतिनिधि सभामा लामिछानेको पार्टीपनिआंशिक नै भएपनिप्रभावशाली देखिनेछ ।आगामी संसदको सम्भावितअस्थिर समीकरणले पनि लामिछानेको निम्तीअवसर सृजनागर्नेछ। यतिहुँदाहुँदैपनि यसपटकको निर्वाचनमापनिप्रमुख राजनीतिकदलहरुको वर्चस्व रहने सम्भावनाभने बलियो नै देखिन्छ । यस पटकको संसदपनिविगत जस्तै नेका, एमाले, माओवादी केन्द्र वरिपरी नै घुमी रहन्छ । यस पटकपनि कुनै एकलपार्टीले सरकार बनाउने बहुमतपाउने सम्भावना देखिँदैन र गठबन्धनको सरकार बन्नु निश्चितप्रायः छ । हुनपनि सरकारी गठबन्धनका देउवा र प्रचण्डले उनिहरुको गठबन्धन लामो समयसम्मचल्ने भन्दै आएकै छन् । यस्तोमा नेका, माओवादी केन्द्र र एमालेकोप्रतिस्पर्धा रसत्ता समीकरणमाअन्य सानादलहरुको भूमिका गणीतीय सन्तुलनमिलाउनु मात्रहुनेछ। यस्ले आगामी संसद र प्रदेश सभामाविगतको राजनीतिकअस्थिरतालेनिरन्तरतापाउने देखिन्छ। यस पटकको निर्वाचनमाअधिकांश राजनीतिक पार्टीहरु नेका सभापति शेरबहादुर देउवा नेतृत्वको गठबन्धन रएमाले अध्यक्ष केपीशर्मा ओली नेतृत्वको गठबन्धनमादुई कित्तामा छन् । रास्वपा र जनमत पार्टी जस्ता केही पार्टीहरु आफ्नै हैसियतमापनिनिवार्चनमाउत्रेका छन् । तर अन्ततःयिनीहरुपनिआ-आफ्नाराजनैतिकप्रवृत्तिअनुसार यीदुई मध्ये कतैतिरओत लाग्नुपनि स्वाभाविक नै छ।

संसदिय राजनीतिआफैमा एउटा अस्थिर र भ्रमात्मकव्यवस्थाहो । त्यसमापनि गठबन्धन झन् अस्थिरताको पोको ! यस्तोमा यसपटकको संसदबाट कसैले स्थिर राजनीतिको चाहना गरेको छ भनेउसको चाहना पूरा हुने देखिँदैन । हुन त एमाले अध्यक्षओलीले आफ्नो नेतृत्वमासरकारबन्ने दावीगरिरहेका छन् । तर यसको सम्भावनान्यून छ। कदाचित यस्तो भयो भने झीनो बहुमतको गठबन्धन सरकार बन्ने छ र साझेदार दलहरु मिलाउने प्रयत्नमाहमेशाअस्थिरताको सम्भावना रही रहन्छ।

यस विपरीत देउवा नेतृत्वको गठबन्धनले यसपालीपनि सरकार बनाउने सम्भावना बढी देखिन्छ। यस्तो भयो भनेपनि सरकारको चरित्रअस्थिर नै हुनेछ ।यस पटकको निर्वाचनमासरकारी गठबन्धनभित्र प्रधानमन्त्रीकाउम्मेदवारहरुअनेकौंछन्।नेकाभित्रवर्तमानप्रम देउवाकाअतिरिक्तगगनथापा छन्, भने सरकारी गठबन्धनका प्रमुख साझेदार प्रचण्डपनि आफूलाई प्रधानमन्त्रीको रुपमाप्रचारित गर्दै आएका छन् । गगनथापालाई एकछिनलाई किनारा लगाएपनि देउवा र प्रचण्डको प्रधानमन्त्रीबन्ने चाहनातिव्र छ र यस्लाई सहजै टुङ्गो लगाउनगाह्रो छ । यस्तै देउवा र प्रचण्डले पालोपालो प्रधानमन्त्रीबन्नु पर्ने अनौपचारिक प्रस्तावपनिप्रचारमा छन् । यस्तो भयो भने निश्चय नै आगामी संसद आफ्नो पुरै कार्यकालमाविगतझैं सांसदहरुको खीँचातान, प्रलोभन, टुटफूट, आशंकाआदिअस्थिरताको बीच नै गुज्रने देखिन्छ । तर यी सबै सम्भावनाहरुको औचित्यआगामी संसदमा राजनीतिक पार्टीहरुको उपस्थितिको समीकरणमा भरपर्छ।

अस्थिरता, नेपाली राजनीतिको स्थायीचरित्र जस्तो छ। बहुदलिय राजतन्त्रकालदेखीवर्तमानसम्म राजनीतिकअस्थिरतायथावत्छ।गणतन्त्रलेसकारात्मकदिशानसमातेकै कारण यो अस्थिरताले नेपाली राजनीतिको साथ छाडेको छैन । संसदीयअस्थिरताले सानादलहरुको निम्तीमोलमोलाईको अवसर निर्माण गर्छ । मधेशकेन्द्रितदलहरुविगतदेखीयस्तैभूमिकागर्दैआएका छन्।प्रायःदुई कित्तामाविभाजितयीमधेशकेन्द्रितदलहरु मध्ये एउटा सरकारमाभएअर्को प्रतिपक्षीपार्टीको कित्तामा रहेर उसको पक्षमाबहुमतको कामनागरिरहेको हुन्छ । सत्तामावर्चस्वको यस प्रतिस्पर्धामा निर्णायक ठूला दलहरुकोनिम्तीशक्ति सन्तुलनमाभूमिका खेल्दै आएकायीदलहरुलेजनता र आन्दोलनमा गरेका प्रतिबद्धता र एकतानिर्वाचनको बेलाकोरा नाराको रुपमादोह्याई रहेपनि सत्ताको अवसरमाबिर्सी सकेका छन् । यसैले गर्दा यस पटक मधेशकेन्द्रितदलहरुको पक्षमानिकै कमजोर सम्भावना छ । प्रारम्भिक परिणामहरुले मधेशकेन्द्रितदलहरुको गढ भनिने तराई मधेश र विशेष गरेर मधेश प्रदेशमासमेत उनिहरुले धेरै गुमाउनु पर्ने देखिन्छ।

संसदिय राजनीतिक पार्टीहरुको चुनावी परिणाम बारेयी सबै सम्भावित समीक्षाहरु हुन् ।अन्तिम परिणाम यसभन्दाभिन्नआउने सम्भावनापनि छ । सम्भावना त हो ! जहाँसम्म सत्ताको चरित्रको कुरा छ,विगत जस्तै यसपटक पनिराजनैतिकदलहरु पुरानै प्रवृत्तिका छन् । संसदियलोकतन्त्रको वकालतगर्नेहरुले यस निर्वाचन पद्धतिबाट देशका सबै वर्ग र समुदायको प्रतिनिधिचयनहुने दावी गर्छन् । तरयथार्थमाविगत जस्तै यसपटकपनि जनप्रतिनिधिको रुपमा देशभरीबाट एकमात्रधनिकवर्गको प्रतिनिधिमात्र संसदमापुग्ने छन् । कदाचितनिम्नमध्यमवर्ग वागरिबबाट कोही (प्रत्यक्षमा त गाह्रो छ) समानुपातिकको माध्यमबाट संसदमापुग्न सफलभएभनेपनि संसदमावर्चस्व बनाएर बसेको धनिकवर्गको पछि लाग्नुको विकल्पहुँदैन।

संसदियलोकतन्त्रको वकालतगर्नेहरुले यस निर्वाचन पद्धतिबाट देशका सबै वर्ग र समुदायको प्रतिनिधिचयनहुने दावी गर्छन् । तरयथार्थमाविगत जस्तै यसपटकपनि जनप्रतिनिधिको रुपमा देशभरीबाट एकमात्रधनिकवर्गको प्रतिनिधिमात्र संसदमापुग्ने छन् । कदाचितनिम्नमध्यमवर्ग वागरिबबाट कोही (प्रत्यक्षमा त गाह्रो छ) समानुपातिकको माध्यमबाट संसदमापुग्न सफलभएभनेपनि संसदमावर्चस्व बनाएर बसेको धनिकवर्गको पछि लाग्नुको विकल्पहुँदैन ।समावेशी नै भनिएपनि समानुपातिक सीटहरु पारम्परिक राज्यसत्ताबाट विभेद, बहिष्करण र शोषणमा परेका पछाडी परेका समुदाय र विपन्नवर्ग (खस आर्य)को निम्ती सम्वैधानिकव्यवस्थागरिएको सबैलाई विदित छ ।

समावेशी नै भनिएपनि समानुपातिक सीटहरु पारम्परिक राज्यसत्ताबाट विभेद, बहिष्करण र शोषणमा परेका पछाडी परेका समुदाय र विपन्नवर्ग (खसआर्य)कोनिम्तीसम्वैधानिकव्यवस्थागरिएको सबैलाई विदित छ । तर समानुपातिकको सीटमा पार्टीका ठूला नेताहरु, धनाढ्य, उद्योगपति जस्ता आर्थिक र सामाजिकअधिकार सम्पन्नहरु मनोनितहुनुले धनिकपक्षीय राजनीतिक नेतृत्वको निर्लज्जधोकापुर्ण उदाहरण यसपटक बहुतायत देखिएको छ । समानुपातिकको विपन्न खस आर्यको कोटामा प्रधानमन्त्री शेरबहादुर देउवाकीश्रीमतिआरजू देउवाको नामचयन भएपछि भन्नलाई अरु के नै बाँकी रहन्छ!अबआरजू देउवा सरकारबाट प्रमाणित 'विपन्न'हुने भइन्। यो हो वर्तमान राज्यसत्ताको वर्ग चरित्र !

यस अर्थमा यस पटकको प्रतिनिधिसभा र प्रदेशसभापनिवास्तविक अर्थमाआमजनताको हुँदैन । वर्तमान संघीय गणतन्त्रलाई सबै वर्ग र समुदायको स्वामित्वर पहुँचको बनाउने हो भने, सत्ताको ढाँचा तथाजनप्रतिनिधिचयनबारे नयाँ ढंगले सोच्नु आवश्यक छ ।यो भनेको प्रत्यक्ष र समावेशी समानुपातिकहोइन, वर्गीय र सामुदायिकरुपमा पूर्ण समानुपातिकप्रतिनिधित्वभएको राजनीतिक ढाँचा हो । बजार होइन, जनहितमाआधारित जनताको राज्य । यस पटक भने, परिणाम जनुसुकै पार्टीवा गठबन्धनको पक्षमागएपनिजनतालाई पुरानै परिणाम हातलाग्ने निश्चित छ।

# संस्कृतिसँग अनौपचारिक अर्थतन्त्रको सम्बन्ध




कृष्णलाल कर्ण

विश्व सांस्कृतिक विविधताले सिँगारिएको छ। कुनै एकल जाति, धर्म भाषा र संस्कृति भएको मुलक विश्वमा शायद कमै होला। प्रायःजसो मुलुकमा बहुजाति, बहुभाषी र बहुसंस्कृति भएका समुदायको मावनवस्ती भएको पाइन्छ। त्यस्तै बसोबास रहेको एउटा देश नेपाल पनि हो। यो हिमालको काखमा अवस्थित नेपालको आफ्नै इतिहास छ। प्राचीनकालदेखि नै 'चार वर्ण, छत्तीस जातको साझा फूलवारी' अर्थात् विविधताबीच एकताको सुत्रमा बाँधिएका बहुसांस्कृतिक समुदाय रहेको सुन्दर देश हो। संस्कृति सामाजिक संस्थाको अंग हो, जसले समाज निर्माणको एउटा तत्वका रूपमा भूमिका निर्वाह गरेको हुन्छ। यो परिर्वतनशील भएकाले यसले समयनुसार निश्चित स्वरूप पनि धारण गर्छ।

मानव सभ्यता र संस्कृतिमाथि गरिएको अध्ययन र खोज अनुसार पनि समाज र संस्कृतिको विकास साधारणबाट जटिलतर्फ क्रमिकरूपमा उन्मुख तहहरू पार गर्दै जान्छ भनेर समाजशास्त्रीहरूले औंल्याएका छन्। वास्तवमा शताब्दी पिच्छे एक खास समाजमा देखासिकी संस्कृतिका केही अंग सर्दै अर्को समाज विकासको अंगका रूपमा स्थापित भएको देखिन्छ। विभिन्न धार्मिक ग्रन्थहरूमा भएका विचारहरूले पनि समाज र संस्कृतिको विकासमा महत्वपूर्ण योग्दान पुऱ्याएका छन्। संस्कृति भित्र पनि सा-साना संरचनाहरू छन्, धर्म, वर्ग, जातजातिका संस्थाहरू यसका उदाहरण हुन्। जसको मूल्य मन्यता अनुसार समुदायले आ-आफ्ना सांस्कृतिक तथा परम्परागत रीतिरिवाज अनुसार धार्मिक, वैवाहिक, पूजाआजा लगायतका कार्यहरू गर्दछन्। जुन सामजिक, आर्थिक र राजनीतिक संरचनाको बलियो आधार हुने गर्दछ।

### संस्कृतिसँग अर्थतन्त्र

करिब-करिब १८ औं शातब्दीको अन्त्यतिरबाट आर्थिक क्रान्तिको लहर विश्वमा उदीयमान भई व्यावसायिक, सामाजिक र धार्मिक जीवनमा प्रवेश गरे लगत्तै सामाजमा आर्थिक, राजनीतिक, सांकृतिक, भौगोलिक, उत्पादनका साधनहरू माथि मालिकको एकलौटी नियन्त्रण र स्वामित्व रहन थाल्यो। यसले समाजमा आर्थिक, सांस्कृतिक र समाजिक संरचनाभित्र जात, धर्म, सम्बन्ध, पेशा जस्ता ससाना तत्वहरूमा विभाजन गर्दै गतिशीलतातिर उन्मुख गऱ्यो। करिब १२५ भन्दा बढी जातिजाति, भेषभुषाको मानववस्ती भएको प्राचीन सभ्यता र संस्कृतियुक्त देश नेपाल विश्वको एक सुन्दर नगरीका रूपमा स्थापित छ। जहाँ प्रत्येक समुदायका व्यक्तिहरूको जीवन निर्वाह गर्न्ने, आफ्नै सिप, कला र पेशामा अधारित आर्थिक एकाइहरू विद्यमान र चलायमान छन्।



लाखौं मानिसको जीवन निर्वाह गर्ने मुख्य आधार नै स्थानीय स्रोत-साधनमा अधारित परम्परागत पेशागत सिपको प्रयोग गरी विभिन्न प्रकारका वस्तु उत्पादन गरी बिक्री गर्नु हो। अर्कातर्फ, मधेश प्रदेशको आर्थिक हिस्साको ठूलो भाग पेशगत सिपमा आधारित छ, जुन अनौपचारिक क्षेत्रमा निहित छ । धनुषा जिल्लाको क्षीरेश्वरनाथ नगरपालिकाका छोटेलाल मुखिया बाँसको सामग्री उत्पादन तथा बिक्री गरी जीवीका गर्ने गर्दछन्। उनी मात्र होइन, करिब ८० परिवार विम मुखियाहरू साउनदेखि कात्तिकसम्म बाँसबाट बनाइने विभिन्न प्रकारका रङ्गी-बिरङ्गी सामग्री उत्पादनमा व्यस्त हुने गर्दछन्। अरु समयमा ज्यालादारी गर्ने गर्दछन्। पहिला वर्ष भरी बाँसकै काम गरेर जीविका निर्वाह गर्दथे भने अहिले नयाँ-नयाँ प्रविधिबाट बनेका प्लाष्टिक समग्री छ्यापछ्याप्ती पाइन थालेको हुँदा आफ्नो पेशा गुमाउन बाध्य भएका छन्।

यस्तै बाराको प्रशौनी र बीरगञ्जका ५० परिवारका महिला तथा पुरुषहरू माटोको दियो, मट्का, कलश, सुराइ, गाग्रो, हात्ती, गमला लगायतका विभिन्न रङ्गी-बिरङ्गी भाँडाकुँडा उत्पादन गरी बिक्री गरेर आफ्नो जीवीका निर्वाह गरिररहेका छन् । स्थानीय रामकुमार कुम्हालका अनुसार पूर्वजदेखि नै पारिवारिक पेशाका रूपमा माटाको भाँडा-वर्तन उत्पादन गर्ने सिप रहेकाले जीवीकोपार्जन गर्न सजिलो भएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'नयाँ-नयाँ प्रविधिबाट उत्पादन भएका वस्तुसँग प्रतिस्पर्धा गर्न नसकेकाले विस्तारै उत्पादन कार्यमा व्यक्तिको चासो कम हुँदै गएको छ।

### मधेशको ग्रामीणक्षेत्रमा उत्पादन गरिएका दीप

नेपालबाट निर्यात हुने वस्तुमध्ये विभिन्न समुदायले उत्पादन गरेका हस्तकालाका सामानहरूको महत्वपूर्ण योग्दान रहेको छ। स्वदेशी श्रम, सिप, कला र कच्चा पदार्थमा आधारित रोजगारमूलक उद्योग व्यवसायको विकास अनि घरेलु र साना उद्योग समेत स्थापना भएका छन्। यस्तै हस्तकलाका क्षेत्रमा झण्डै ८ लाख व्यक्तिहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपबाट रोजगारी प्राप्त गरी यस क्षेत्रले गरिबी निवारणमा पनि महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ । संयुक्त राज्य अमेरिका, युरोपियन मुलुकहरू, चीन, भारतलगायत अन्य मुलुकहरूमा विभिन्न प्रकारका हस्तकलाका सामग्री निर्यात भइरहेका छन्। हस्तकला महासंघ नेपालका उपध्यक्ष दिव्यतारा तुलाधारका अनुसार आन्तरिक तथा बाह्य गरेर वार्षिक करिब १६ अर्ब रुपैयाँ बराबरको आर्थिक कारोबार हुने गर्दछ। नेपालको संस्कृति अनुसारको, उपभोग्य वस्तु, पहिरन तथा दैनिक आवश्यकताका सरसामान उत्पादन गर्ने उद्योग अर्को देशमा स्थापना भएका छन्। नेपाल ती देशबाट आयात गरी आपूर्ति गर्ने स्थितिमा पुगेर बजेट घाटा सहनसमेत बाध्य भएको छ। चीनबाट जनै आयात भएको तथ्यांक सञ्चार माध्यमले सार्वजनिक गर्दा अघिल्लो वर्ष धेरैले आश्चर्य मानेका थिए। जनै भारतवर्षका मानिसहरूको संस्कृतिभित्रको एउटा विशेष र अभिन्न पक्ष हो। भारतवर्षका जनैधारीको छातीमा चीनले हात पुऱ्याएर आर्थिक उपार्जन गर्नुले धेरै कुरा संकेत गर्दछ। नेपालको आधाभन्दा बढी आर्थिक क्रियाकलाप अनौपचारिक क्षेत्रमा सम्पन्न हुने गर्छ। जसको मुख्य कारण मध्य कृषि तथा गैरकृषि क्षेत्रमा परम्परागत सिप र कलामा अधारित आर्थिक गतिविधिलाई मानिन्छ।

नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ (तेस्रो) को नतिजा केलाउँदा 'नेपालको कुल रोजगारीको ठूलो हिस्सा (८४.६ प्रतिशत) अनौपचारिक क्षेत्रको आर्थिक क्रियाकलापमा' भइरहेको छ। यो सामान्य विषय होइन। यसैले गर्दा हुनुपर्छ- अनौपचारिक क्षेत्रले पुऱ्याएको योग्यदान देखेर विश्व नै चकित छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) ले मार्च २०१८ मा प्रकाशन गरेको अनौपचारिक अर्थतन्त्रमा महिला र पुरुषको एउटा तथ्यांक चित्रले कृषि र गैरकृषि श्रम गरी विश्वमा ६१ प्रतिशत श्रमशक्ति अनौपचारिक अर्थतन्त्रमा कार्यरत रहेको उल्लेख गरेको छ। जसले करिब २ अर्ब कामदार हरूको प्रतिनिधित्व गर्दछ। ओमन एण्ड मेन इन द इन्फर्मल इकोनोमीः अ स्टास्टिकल पिक्चर (तेस्रो संस्करण)/ अन्तर्राष्ट्रिय श्रम कार्यालय, जेनेभाः आइएलओ, २०१८)

### सांस्कृतिक अर्थतन्त्रको विश्वव्यापीकरण

विभिन्न समुदाय मिश्रित भई बसोबास गरिरहेका मानिसलाई विश्वको सांस्कृतिक रीतिरिवाज, सेवा, श्रम र जीवनशैलीले एउटै अर्थतन्त्रमा बाँधिरहेको छ। यस कार्यमा सांस्कृतिक अर्थतन्त्रको ठूलो योगदान छ । नेपालको संस्कृति अनुसारको, उपभोग्य वस्तु, पहिरन तथा दैनिक आवश्यकताका सरसामान उत्पादन गर्ने उद्योग अर्को देशमा स्थापना भएका छन्। नेपाल ती देशबाट आयात गरी आपूर्ति गर्ने स्थितिमा पुगेर बजेट घाटा सहनसमेत बाध्य भएको छ। चीनबाट जनै आयात भएको तथ्यांक सञ्चार माध्यमले सार्वजनिक गर्दा अघिल्लो वर्ष धेरैले आश्चर्य मानेका थिए। जनै भारतवर्षका मानिसहरूको संस्कृतिभित्रको एउटा विशेष र अभिन्न पक्ष हो। भारतवर्षका जनैधारीको छातीमा चीनले हात पुऱ्याएर आर्थिक उपार्जन गर्नुले धेरै कुरा संकेत गर्दछ।

### स्थानीयस्तरमा उत्पादन गरिएको हाते कागज

सांस्कृतिक व्यवस्थाभित्र परिवार, नातेदार, वर्ग जस्ता अनौपचारिक सामाजिक संस्थाबाहेक राज्य, नियम कानुन, संघ र संरचना जस्ता अनौपचारिक संस्थाहरू पनि छन्। जसले सामाजिक, आर्थिक र राजनीतिक नियन्त्रण गर्न प्रत्यक्ष भूमिका निर्वाह गर्दछ। अर्कातर्फ सांस्कृतिक संरचनाले समाजलाई विभेद गरेको देखिन्छ। यसले गरिबमाथि श्रम शोषण, छुवाछुत, जातपात तथा स्रोतमा ठुलाबडाको एकलौटी र नियन्त्रण, द्वन्द्व, क्रान्ति जस्तो भूमिकामा प्रत्यक्ष संलग्न हुने गर्छ। अन्त्यमा एक्काइसौं शताब्दीसम्म आउँदा प्राचीन संस्कृति विस्तारै लोपोन्मूख भएको र परिवर्तित युगमा देखिएको नयाँपनले समाजमा थप आर्थिक भार समेत बढेको देखिन्छ। विश्व बजारमा सांस्कृतिक रूपमा नेपाललाई धनी देश भनेर चिनिन्छ। यहाँको कला र सीपसँग जेडिएर पर्यटन र हस्तकलामा आधारित उद्योगहरूले देशको अर्थतन्त्रमा राम्रै टेवा पुऱ्याएकोछ। नेपालभित्र देखिएको व्यावसायिक अवसर, प्रविधि र प्रवर्द्धनलाई शिक्षासँग जोड्ने प्रयास भने कमै मात्र भएको देखिन्छ। प्रविधि, बजारको अभाव, बैंकको व्याज र सरकारी नीति आदिका कारण उद्योग प्रवर्द्धनमा समेत चुनौती देखिएको छ। राज्यको आर्थिक संरचनामा प्राकृतिक, भौतिक सम्पदा र सांस्कृतिक संरचनासँग जोडिएको उद्योग, व्यवसाय तथा सेवालाई प्रवर्द्धन गर्ने मुद्दातर्फ राज्यको ध्यान यथोचितमात्रा पुग्न सकेको छैन।

हाम्रो सोच युरोपको विकासको नक्कल गर्नुमा मात्र सीमित देखिएको छ। स्थानीय स्तरमै उत्पादन गर्न सकिने दैनिक उपभोगका वस्तु समेत आयात गर्दै परनिर्भरता बढ्दै गएको छ। स्थानीय स्रोत साधन, कला, सीप र संस्कृति जोडिएका रोजगारका आयामहरूमा राजनितिक वृत्तले ध्यान पुऱ्याउन सके देशको आर्थिक क्रान्तिको केन्द्र विन्दु त्यही बन्न सक्ने थियो । हामीसँग भएका सिप र कला अनुसन्धान गरी अर्थत्रन्त्रसँग जोड्न सके नेपालमा नयाँ व्यवसाय र रोजगारका अवसर अनेक रहेछन् भनेर पुष्टि गर्न सकिनेथियो। यसको खोजी गरी प्रवर्द्धन गर्नु नै आजको आवश्यकता हो ।

# प्रमुख आयुक्तसँग जापानी परराष्ट्र राज्यमन्त्रीको शिष्टाचार भेटवार्ता



काठमाण्डु । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको अवलोकनका लागि नेपाल आउनुभएका जापानका परराष्ट्र राज्यमन्त्री ताकेइ शुनसुकेले आज निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्तसँग शिष्टाचार भेट गर्नुभएको छ।

भेटका अवसरमा द्विपक्षीय सहयोग र सम्बन्धका विषयमा छलफल भएको थियो। राज्यमन्त्री ताकेइले नेपालमा मङ्सिर ४ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन प्रक्रियाको प्रशंसा गर्नुभयो भने प्रमुख आयुक्त थपलियाले निर्वाचन अवलोकन गरेकामा जापानी प्रतिनिधिमण्डललाई धन्यवाद व्यक्त गर्नुभयो।

सो अवसरमा आयोगका सचिव गोकर्णमणि दुवाडी, सहसचिवहरू तथा नेपालका लागि जापानका राजदूत किकुता युताकासहितको उपस्थिति थियो।रासस

## मतदान अधिकृत निदाएपछि मतपेटिका छुट्यो

दैलेख। दैलेखको ठाँटीकाँध गाउँपालिका- २ जनता प्रावि पिपलचौतरा मतदान केन्द्रको मतपेटिका ल्याउन छुटेको छ। मतदान अधिकृत निदाएका कारण प्रहरी चौकी ठाँटीकाँधमै छुटेपछि त्यहाँ विवाद भएको छ।

मतदान अधिकृत ज्वालाप्रसाद खनालले प्रहरी चौकीमा चारवटा मतपेटीका राखेर सङ्कलन गर्ने र गाडी नआउञ्जेल आफू एकछिन सुत्छु भन्दै उहाँ निदाउनुभएको थियो। मतदान अधिकृत निदाएसँगै मतपेटिका चौकीमै छुटेको थियो।

उक्त मतपेटिका क्षेत्र नम्बर २, दुल्लुस्थित मतगणनास्थलमा ल्याउनुपर्ने थियो। मुख्य निर्वाचन अधिकृत सरोजनिधि वाग्लेका अनुसार उहाँ खाना खाएर एक छिन सुत्छु भन्नुभएछ। यो मतदान अधिकृतको ठूलै कमजोरी हो तर छुटेको मतपेटीका पुनः ल्याउँन थालिएको छ। मदतान अधिकृतको लापरबाही हो वा जानीजानी गरेको हो बैठकपछि निर्णय गरिने उहाँले बताउनुभयो।

उक्त मतदान केन्द्रमा सात सय मतदातामध्ये चार सय ५८ मत खसेको थियो। अहिले प्रहरी चौकी ठाँटीकाँधमा सबै राजनीतिक दलका प्रतिनिधि उपस्थित हुँदैछन्। राजनीतिक दलका प्रतिनिधिले मतपेटिकाको सिल हेर्ने र त्यसपछि के गर्ने निर्णय हुने बताएका छन्।रासस

# विजयी सुरुआतसँगै चर्चामा योगेश



गण्डकी । यस पटकको प्रतिनिधिसभाको निर्वाचनमा विजयी सुरुआत गरेको नेपाली कांगेसको उम्मेदवार हुनुहुन्छ, योगेश गौचन थकाली । उहाँले नेकपा (एमाले)का उम्मेदवार प्रेमप्रसाद तुलाचनलाई पराजित गर्दै सङ्घीय संसद्को यात्रा तय गर्नुभएको हो।

मुस्ताङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित योगेश २९ वर्षको हुनुहुन्छ। कांग्रेसले उठाएका उम्मेदवारमध्येका सम्भवतः कान्छा योगेशतर्फ यतिखेर सबैको ध्यान आकृष्ट भएको छ।

निवर्तमान सांसद नेकपा (एमाले) का केन्द्रिय सदस्य तुलाचनलाई नौ सय १४ मतान्तरले पछि पार्दै गौचन विजयी हुनुभएको हो । प्रतिनिधिसभा सदस्यमा एक निर्वाचन क्षेत्र रहेको मुस्ताङमा चार जना प्रतिस्पर्धामा थिए । राष्ट्रिय स्वतन्त्र पार्टीका सुदेश गुरुङले ८७ र राप्रपाका प्रवीणकुमार शेरचनले १३ मत पाउनुभयो। कांग्रेसका गौचन पाँच दलीय गठबन्धनबाट उम्मेदवार बन्नुभएको थियो।

कांग्रेसको गण्डकी प्रदेश सदस्य योगेश कांग्रेसका जिल्ला सभापतिसमेत रहेका पूर्वमन्त्री रोमी गौचन थकालीका छोरा हुनुहुन्छ । विसं २०५० वैशाख २७ गते मुस्ताङको थासाङ गाउँपालिका लेतेमा जन्मनुभएका योगेशले ब्याचलर अफ विजनेश म्यानेजमेन्टको अध्ययन गर्नुभएको छ। होटेल कालोपानी लेते मुस्ताङ र पोखरामा त्रिथुङ्गा होल सञ्चालन गर्दै आउनुभएका उहाँ ट्राभल्स एण्ड टुर्स प्रालिको प्रबन्ध निर्देशकका साथै मुस्ताङमा किबीखेतीसँगै व्यावसायिक कृषिमा सहभागी बन्नुभएको छ।

जिल्लामा नेपाल विद्यार्थी सङ्घबाट राजनीति सुरु गर्नुभएका उहाँ नेविसङ्घको राजनीतिसँगै भूगोलमा पनि जोडिनुभएको थियो । उहाँ पार्टीको जिल्ला कार्यसमिति सदस्य पनि सानै उमेरमा बन्नुभएको थियो । उहाँ पार्टीको साविक लेते गाउँसभापति पनि बन्नुभएको थियो ।हाल पार्टीको महासमिति सदस्य रहेका उहाँ गण्डकी प्रदेश कार्यसमितिमा रहनुभएको छ।

प्रेमले २०७४ को चुनावमा योगेशका बुबा रोमीलाई चार सय ८५ मतान्तरले पराजित गर्नुभएको थियो। विसं २०७० को चुनावमा कांग्रेसका रोमी कांग्रेसबाट बागी उठेका प्रेमलाई १३ मतान्तरले पराजित गर्दै निर्वाचित हुनुभएको थियो।

मुस्ताङको थासाङ गाउँपालिका-३ लेते कालोपानीका योगेश र प्रेम साला भेना पर्नुहुन्छ । रोमी (योगेशका बुबा) र प्रेम मामा-फूपूका छोरा हुनुहुन्छ।

रोमीले आफूलाई आएको प्रतिनिधिसभा सदस्यको टिकट मनोनयन दर्ताका क्रममा छोरा योगेशलाई थमाउनुभएको थियो । विसं २०४७ पछि मुस्ताङमा नेपाली कांग्रेसले अहिलेसहित चार पटक र नेकपा एमालेले दुई पटक संसदीय निर्वाचन जितेका छन्।

विसं २०७४ मा एमाले प्रवेश गरेका प्रेम रोमीलाईपछि पार्दै दोस्रो प्रयासमा संसद् छिर्नुभएको थियो । दोस्रो पटक सांसद छिर्ने प्रेमको योजना योगेशले असफल बनाउनुभयो । रोमी २०५६ मा पनि मुस्ताङबाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो । रोमी २०७३ मा वाणिज्यमन्त्री हुनुहुन्थ्यो । विसं २०७४ को चुनावमा मुस्ताङको प्रतिनिधिसभा र दुई वटा प्रदेशसभा सदस्यमा एमालेले जितेको थियो। नयाँ र युवा उम्मेदवारप्रति मतदाताको आकर्षण, गठबन्धनमा आबद्ध दलको साथ र स्वतन्त्र मतदाता आफ्नो पक्षमा रहेकाले चुनाव जित्ने योगेशको दाबी थियो।

योगेशले चीनको सिमानामा रहेको कोरला नाका सञ्चालन गर्न चीनसँग कूटनीतिक प्रयास र त्यहाँ जोड्ने सडक पूर्वाधार तयार पार्ने मुद्दालाई प्राथमिकता दिने निर्वाचनका क्रममा बताउनुभएको थियो। जोमसोम-कोरला सडक कालोपत्र गर्ने र बेनी-जोमसोम सडकलाई स्थायी र दीर्घकालीन निकास दिन पहल गर्ने मतदाता समक्ष प्रतिबद्धता जनाउनुभएको थियो।रासस

## कांग्रेसको अग्रता कायमै

मध्यविन्दु। नवलपरासी पूर्वको निर्वाचन क्षेत्र नं २ को मतगणनामा नेपाली कांग्रेसले अग्रता लिएको छ। आज साँझ साढे ६ बजेसम्म सार्वजनिक भएको मतगणनाको परिणामअनुसार त्यहाँ प्रतिनिधिसभामा नेपाली विष्णुकुमार कार्कीको एक हजार आठ सय नौ, एमालेका तिलबहादुर महतले एक हजार पाँच सय ५१ मत पाएका छन। र

ाष्ट्रिय स्वतन्त्र पार्टीका शालिकराम न्यौपानेले दुई सय ९१ मत पाएका छन्। राप्रपाका विष्णुप्रसाद शर्माले ४० मत ल्याएका छन्।

हुप्सेकोट गाउँपालिका- ३ र ६ को मत गणना सकिएको छ।

प्रदेश (क) मा एमालेको अग्रता

क्षेत्र २ प्रदेश १ मा एमालेकी पद्मा जिसी श्रेष्ठ दुई हजार चार सय ९७, नेकपा माओवादी केन्द्र सौगमकुमार श्रीपाली एक हजार ६ सय ९६ मत पाएका छन्।

प्रदेशमा (ख) मा राप्रपाको अग्रता

त्यसैगरी प्रदेश (ख) मा राप्रपाका भोजबहादुर थापाले नौ सय २८, एमालेका लक्ष्मण पाण्डेले सात सय ३४, नेकपा समाजवादीका डा गोपाल खनालले तीन सय ७३ मत ल्याएका छन्। त्यहाँ ८५ हजार तीन सय ९९ मत खसेको हो।

पूर्वी नवलपरासी क्षेत्र नं १ को मतगणना अहिले ७ बजेदेखि सुरु हुने प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेले जानकारी दिनुभयो।रासस

## झापामा-२ मा एमाले र स्वतन्त्र अघिपछि

बनियानी । आइतबार सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनअन्तर्गत प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनमा झापा क्षेत्र नं २ मा (नेकपा) एमालेका उम्मेदवारको अग्रता कायमै रहेको छ।

हालसम्म भएको १४ हजार सात सय ७० मतगणनामा एमाले उम्मेदवार देवराज घिमिरेले पाँच हजार तीन सय ७१ मत प्राप्त गर्नुभएको छ भने झापा क्षेत्र नं २ का स्वतन्त्र उम्मेदवार भद्रप्रसाद नेपाल (स्वागत) ले चार हजार छ सय ३४ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत केशवप्रसाद पन्थले जानकारी दिनुभयो।

त्यस्तै, सत्ता गठबन्धका उम्मेदवार हरिकुमार रानाले दुई हजार ६ सय ५४ मत गर्नुभएको छ । त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार रुद्रप्रसाद गिरीले एक हजार चार सय ३० मत प्राप्त गर्नुभएको छ।रासस

# बाजुरा त्रिवेणी घटनामा गृहमन्त्री निर्देशन

काठमाण्डु । गृहमन्त्री बालकृष्ण खाणले दुई जनाको मृत्यु र तीन जना घाइते भएपछि असहज भएको बाजुराको त्रिवेणी नगरपालिकामा शान्तिपूर्ण वातावरण बनाउन गृह प्रशासन र सुरक्षा निकायलाई निर्देशन दिनुभएको छ।

गृहमन्त्री खाणले गृहसचिव विनोदप्रकाश सिंह, नेपाल प्रहरीका महानिरीक्षक धीरजप्रताप सिंह, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल, मन्त्रालयका सुरक्षा समन्वय महाशाखा प्रमुख सहसचिव फणिन्द्रमणि पोखरेल र बाजुराका प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीलाई असहज परिस्थितिलाई सामान्यीकरण गरी शान्तिपूर्ण अवस्थामा फर्काउन निर्देशन दिनुभएको हो।

आइतबारको निर्वाचनमा मतदान भइरहेको समयमा त्रिवेणी नगरपालिका-७ स्थित नाटेश्वरी आधारभूत विद्यालयमा रहेको मतदान केन्द्रमा प्रहरी र स्थानीयवासीबीच झडप हुँदा गोली लागेर स्थानीय सञ्जीव ऐडीको घटनास्थलमै मृत्यु भएको थियो । त्यसपछि भएको अर्को घटनामा घाइते भएका स्थानीय चेतन ऐडीको बयलपाटा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो।

केन्द्र र जिल्लाको पहलमा अहिले अवस्था बिहानको भन्दा सामान्य रहेको सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्रबहादुर विष्टले जानकारी दिनुभयो।

गृह मन्त्रालयका प्रवक्तासमेत रहनुभएका सुरक्षा समन्वय महाशाखा प्रमुख सहसचिव पोखरेलले केन्द्र र जिल्लाको पहलले बाजुराको त्रिवेणीको अवस्था सामान्य बन्दै गएको बताउनुभयो । यसैबीच गृहमन्त्री खाणले बैतडीको पाटनमा मतपेटिका पुऱ्याएर फर्किँदै गरेको प्रहरी सवार जिप दुर्घटना हुँदा चार प्रहरीको मृत्यु र केही घाइते भएको घटनाबारे जानकारी लिँदै घाइतेलाई उचित उपचारको प्रबन्ध मिलाउन निर्देशन दिनुभएको छ।

बैतडीका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख तथा केन्द्रका सुरक्षा प्रमुखसँग यसबारे जानकारी लिँदै उचित उपचारको प्रबन्ध मिलाउन र जिल्लाको स्रोतले नपुग्ने भए मन्त्रालयमा लेखी पठाउन उहाँले आग्रह गर्नुभएको छ। रासस

# अघिल्लो चुनावभन्दा करिब सात प्रतिशत बिन्दुले न्यून मतदान




काठमाण्डु। प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि अघिल्लो पटकभन्दा यसपटक कम मतदान भएको छ।

निर्वाचन आयोगको प्रारम्भिक विवरणअनुसार यसपटक ६१ प्रतिशत मतदान भएको छ। जुन निर्वाचन आयोगले गरेको अपेक्षाभन्दा न्यून हो । विसं २०७४ मा मङ्सिर १० र २१ गते गरी दुई चरणमा गरिएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा ६८ दशमलव ६७ प्रतिशत मतदान भएको आयोगको विवरण छ । यसपटकको निर्वाचनमा भएको मतदानको प्रारम्भिक विवरण हेर्दा अघिल्लो पटकभन्दा सात दशमलव ६७ बिन्दुले न्यून मतदान भएको देखिएको हो। त्यस्तै, यो निर्वाचनमा गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनको तुलनामा पनि न्यून मतदान भएको देखिन्छ। स्थानीय तहको निर्वाचनमा ६६ दशमलव ८६ प्रतिशत मत खसेको थियो।

विसं २०७४ को चुनावमा अन्तिम मतदाता नामावलीमा नाम रहेका मतदाताको सङ्ख्या एक करोड ५४ लाख २७ हजार नौ सय ३८ थियो। जसमध्ये एक करोड पाँच लाख ९३ हजार नौ सय ९१ मतदाताले आफ्नो मताधिकार प्रयोग गरेका थिए।

यसपटकको चुनावमा अन्तिम मतदाता नामावलीमा रहेका मतदाताको सङ्ख्या एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० रहेको थियो। प्रतिनिधिसभा र प्रदेशसभाको अघिल्लो चुनावमा भन्दा यसपटक थपिएका मतदाताको सङ्ख्या २५ लाख ६० हजारभन्दा बढी छ।

निर्वाचन आयोगका अनुसार आइतबार केही स्थानको चुनाव भने स्थगित भएको छ। नवलपरासी पूर्वको देवचुली नगरपालिका-४ को शान्ति सिर्जना आधारभूत विद्यालय, सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका-६ सिम्ता बहुमुखी क्याम्पस, गुल्मी जिल्लाको कालीगण्डकी गन्या भगवती मावि अर्वेनी र बाजुरा जिल्लाको बुढीनन्दा नगरपालिका नन्देश्वरी मावि पिपलचौरलगायत अन्य आठ स्थानसमेत गरी कूल १५ मतदान स्थलमा मतदान स्थगन भएको आयोगले जनाएको छ।रासस

# सुदूरपश्चिममा मतगणना

महेन्द्रनगर । सुदूरपश्चिम प्रदेशमा बाजुरा बाहेकका आठ जिल्लामा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि भएको निर्वाचनको मतगणना सुरु भएको छ। जिल्लामा ५१ हजार छ सय ६० मत खसेको थियो। कुल ९१ हजार दुई सय एक मतदाता रहेको त्यहाँ ५६ दशमलव ६४ प्रतिशत मत खसेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

यहाँ प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति देउवा बिरुद्ध नेपाली कांग्रेस बिपीका उम्मेदवार कर्ण मल्ल र स्वतन्त्र उम्मेदवार सागर ढकाल प्रतिस्प्रर्धी हुनुहुन्छ। त्यसैगरी बैतडीमा दिउँसो १ बजे सर्वदलीय बैठकपछि लगत्तै मतगणना सुरु हुने निर्वाचन कार्यालयले जनाएको छ । मुख्य निर्वाचन अधिकृत जयानन्द पनेरुका अनुसार बैतडीमा ७८ हजार चार सय १६ मत खसेको थियो । एक लाख ५० हजार एक सय ५६ मतदाता रहेको उक्त जिल्लामा ५२ दशमलव २२ प्रतिशत मत खसेको थियो।बैतडीमा सत्ता गठबन्धनबाट माओवादी केन्द्रका नेता नरेन्द्रबहादुर कुवँर र नेकपा एमालेका नेता दामोदर भण्डारीबिच प्रतिस्प्रर्धा हुने अनुमान गरिएको छ।

त्यसैगरी दार्चुलामा मतपेटिका सदरमुकाम खलङ्गा पुऱ्याउन बाँकी छ । यहाँ चार वटा मतदान केन्द्रको मतपेटिका ढुवानी गर्न बाँकी रहेको छ। प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले सबै मतदान केन्द्रबाट मतपेटिका सङ्कलन भइसकेपछि सर्वदलीय बैठक बस्ने र लगत्तै गणना सुरु हुने जानकारी दिनुभयो।

यहाँ सत्ता गठबन्धनबाट उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडू र नेकपा एमालेबाट गणेशसिंह ठगुन्ना उम्मेदवार हुनुहुन्छ। अन्ठानब्बे हजार एक सय ५४ मतदाता रहेको दार्चुलामा ५८ हजार ५८ मत खसेको मुख्य निर्वाचन अधिकृत खेमराज भट्टले जानकारी दिनुभयो।

त्यसैगरी बझाङ्गमा ६३ हजार ४८९ मत खसेको छ। यहाँ सत्ता गठबन्धनबाट एकीकृत समाजवादी पार्टीका नेता भानुभक्त जोशी र नेकपा एमालेका युवा नेता ऐन महरबीच प्रतस्पर्धा हुने अनुमान गरिएको छ। बझाङमा सबैभन्दा विकट मानिएको साइपाल गाउँपालिकाका मतपेटिका हेलिकोप्टरमार्फत सदरमुकाम चैनपुरस्थित मतगणनास्थल जिल्ला अदालत बझाङमा ल्याइएपछि मात्रै मतगणना थालिने जिल्ला निर्वाचन कार्यालय प्रमुख विमलप्रसाद गौतमले बताउनुभयो।

त्यसैगरी डोटीमा दिउँसो १ बजेपछि मतगणना हुने तयारी छ। सर्वदलीय बैठकले १ बजेदेखि गणना सुरु गर्ने तयारी गरिसकेको छ। एक लाख २४ हजार आठ सय ७३ मतदाता रहेको डोटीमा ६४ हजार ५८ मत खसेको थियो । यहाँ सत्ता गठबन्धनबाट एकीकृत समाजवादीका नेता एवं पूर्वमन्त्री प्रेम आले, एमालेबाट गौरी ओली र स्वतन्त्र उम्मेदवार नरेन्द्र खड्का प्रतिस्पर्धी हुनुहुन्छ।

त्यसैगरी दुई वटा प्रतिनिधिसभा सदस्यको निर्वाचन क्षेत्र रहेको अछाम जिल्लामा पनि सर्वदलीय बैठक बसिरहेको छ । यहाँको निर्वाचन क्षेत्र नं २ मा सर्वदलीय बैठक बसिरहेको छ भने निर्वाचन क्षेत्र १ मा दिउँसो ३ बजे गणना सुरु हुने निर्वाचन कार्यालयले जनाएको छ। यहाँ निर्वाचन क्षेत्र १ सत्ता गठबन्धनबाट एकीकृत समाजवादी पार्टीका नेता एवं श्रम तथा रोजगारमन्त्री शेरबहादुर कुँवर, नेकपा एमालेका झपट बोहरा र स्वतन्त्र उम्मेदवार राजन कुँवर प्रतिस्प्रर्धी हुनुहुन्छ भने निर्वान क्षेत्र नं २ मा गठबन्धनबाट नेपाली कांग्रेसका नेता पुष्पबहादुर शाह र नेकपा एमालेको तर्फबाट यज्ञबहादुर बोगटी प्रतिस्प्रर्धी हुनुहुन्छ।

आछामको निर्वाचन क्षेत्र नं १ मा ४१ हजार छ सय ४३ र २ नं क्षेत्रमा ४१ हजार आठ सय ११ खसेको छ।त्यसैगरी यहाँको पहाडी जिल्ला बाजुरामा भने मतदानको विषयमा विभिन्न क्षेत्रमा विवाद हुँदा स्थिति तनावग्रस्त छ । बाजुराको त्रिवेणी नगरपालिका-७ मा मतदानस्थलमा विवाद हुँदा गोली लागेर एक युवकको मृत्यु हुनका साथै आइतबार राति अर्को युवकको पनि कुटपिटबाट मृत्यु भएपछि अहिले बाजुरामा तनाव उत्पन्न भएको हो।

"अहिले पनि सदरमुकामको स्थिति तनावग्रस्त छ ।" "बुढीनन्दा, बूढीगङ्गा नगरपालिकाका साथै त्रिवेणीमा मतदानस्थलमा लफडा हुँदा मतदान प्रक्रियामा नै असर पऱ्यो । जिल्लाको मतदानको सबै जानकारीसमेत आफूले पाउन सकेको छैन," जिल्ला निर्वाचन कार्यालयका प्रमुख नवराज अवस्थीले भन्नुभयो, "मतदान सकिएको क्षेत्रमा भने मतपेटिका सुरक्षित नै राखिएका छन्। विवाद भएको विषयलाई लिएर अहिले सदरमुकाम तनावग्रस्त अवस्थामा छ।"

बाजुरामा सत्ता गठबन्धनबाट नेपाली कांग्रेसका सहमहामन्त्री बद्री पाण्डे र नेकपा एमालेका तर्फबाट पूर्वमन्त्री कर्ण थापाबीच प्रतिस्प्रर्धा हुने अनुमान गरिएको छ । कुल ८३ हजार पाँच सय ६७ मतदाता रहेको जिल्लामा ७० वटा मतदानस्थल तोकिएका थिए । जिल्लाका केही भागमा मतदानका क्रममा विवाद हुनुका साथै उग्ररुप लिँदा दुई जनाको मृत्यु भएपछि आज पनि सदरमुकाम मार्तडी तनावग्रस्त छ।

त्यसैगरी कञ्चनपुर निर्वाचन क्षेत्र नं ३ मा भने मतगणना सुरु भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयका सूचना अधिकारी ताराप्रसाद शर्माले जानकारी दिनुभयो। यहाँ सत्ता गठबन्धनबाट पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता रमेश लेखक र नेकपा एमालेबाट नेत्री निरुदेवी पालबीच प्रतिस्प्रर्धा हुने अनुमान गरिएको छ । कुल ९७ हजार आठ सय २२ मतदाता रहेको क्षेत्र नं ३ मा ५७ हजार नौ सय ५५ खसेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

त्यसैगरी कञ्चनपुर निर्वाचन क्षेत्र नं २ मा दिउँसो २ बजदेखि गणना सुरु हुने भनिएको छ। यहाँ एक लाख पाँच हजार पाँच सय ७७ मतदाता रहेकामा ६५ हजार एक सय ४६ मत खसेको थियो। यहाँ सत्ता गठबन्धनबाट पूर्वमन्त्री एंव नेपाली कांग्रेसका नेता नारायणप्रकाश साउद र नेकपा एमालेका नेता नरबहादुर धामीबीच प्रतिस्प्रर्धा हुने अनुमान गरिएको छ।

त्यसैगरी सबैभन्दा बढी निर्वाचन क्षेत्र रहेको कैलालीमा पनि मतगणना सुरु गर्ने तयारी छ। पाँच लाख ३५ हजार पाँच सय १४ मतदाता रहेको कैलालीमा तीन लाख ३७ हजार तीन सय ७३ मत खसेको थियो । पाँच वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको कैलालीमा निर्वाचन कार्यालयले गणनाको तयारी गरिरहेका छन्।रासस

> *"अहिले पनि सदरमुकामको स्थिति तनावग्रस्त छ ।" "बुढीनन्दा, बूढीगङ्गा नगरपालिकाका साथै त्रिवेणीमा मतदानस्थलमा लफडा हुँदा मतदान प्रक्रियामा नै असर पऱ्यो। जिल्लाको मतदानको सबै जानकारीसमेत आफूले पाउन सकेको छैन," जिल्ला निर्वाचन कार्यालयका प्रमुख नवराज अवस्थीले भन्नुभयो, "मतदान सकिएको क्षेत्रमा भने मतपेटिका सुरक्षित नै राखिएका छन्। विवाद भएको विषयलाई लिएर अहिले सदरमुकाम तनावग्रस्त अवस्थामा छ।"*

# कैलाली-१ र ३ मा नागरिक उन्मुक्ति पार्टीलाई अग्रता

टीकापुर। प्रतिनिधिसभा निर्वाचनको कैलालीमा मतगणना सुरु भएको छ । मतगणना सुरु भएसँगै मतपरिणाम आउने क्रम जारी छ । कैलालीमा नागरिक उन्मुक्ति पार्टीले कैलालीका दुईवटा निर्वाचन क्षेत्रमा अग्रता लिएको छ।

कैलाली क्षेत्र नं १ मा पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ र कैलाली-३ मा गङ्गाराम चौधरी अगाडि रहनुभएको छ। अध्यक्ष श्रेष्ठले ६ सय ९१ मत प्राप्त गर्दा उहाँका निकटतम् प्रतिस्पर्धी कांग्रेसका रामजनम चौधरीले चार सय ११ मत ल्याउनुभएको छ।

त्यस्तै तेस्रो स्थानमा रहेका नेकपा (एमाले) का तपेन्द्रबहादुर रावलले एक सय ८३ मत प्राप्त गर्नुभएको छ । त्यसैगरी निर्वाचन क्षेत्र नं ३ मा हालसम्म पाँच हजार एक सय पाँच मतको परिणाम सार्वजिनक भएको छ। मतपरिणामअनुसार नागरिक उन्मुक्तिका गङ्गाराम चौधरीले एक हजार ६ सय एक मत पाउँदा गठबन्धनबाट नेकपा (माओवादी केन्द्र) का कृष्णकुमार चौधरीले एक हजार तीन सय मत प्राप्त गर्नुभएको छ। कैलाली-३ मा राप्रपाका वीरेन्द्रबहादुर बम एक हजार ५० मतसहित तेस्रो स्थानमा रहनुभएको छ भने एमालेका गौरीशङ्कर चौधरीले आठ सय मत प्राप्त गर्नुभएको छ।

कैलाली क्षेत्र नं २ मा ५ बजेदेखि मतगणना केहीबेरमा सुरु भएको थियो । क्षेत्र नं २ मा प्रतिनिधिसभातर्फ गठबन्धनबाट भगत बडुवाल, एमोलबाट झपट रावल र नागरिक उन्मुक्तिबाट अरुण चौधरी प्रतिस्पर्धामा छन्।

कैलाली क्षेत्र नं ४ मा प्रतिनिधिसभा सदस्य र प्रदेशसभा दुवैको मतगणना सुरु भएको छ। कैलाली क्षेत्र नं ४ मा प्रतिनिधिसभातर्र्फ सात सय २६ मतगणना सकिएको छ । यस क्षेत्रमा गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका वीरबहादुर बलायर (रूख) ले तीन सय ९४, लेखराज भट्ट (सूर्य) ले दुई सय ६८ मत प्राप्त गर्नुभएको छ।

यस क्षेत्रको प्रदेशसभा (१) तर्फ नेकपा (एकीकृत समाजवादी)का दीर्घबहादुर सोडारीले चार सय ६५, एमालेका भीमबहादुर देउवाले एक सय ८१ मत प्राप्त गर्नुभएको छ । त्यसैगरी प्रदेशसभा (२) तर्फ पनि मतगणना सुरु भएको स्थानीय पत्रकार लक्ष्मी जैसीले जानकारी दिनुभयो। कैलाली क्षेत्र नं ५ मा निर्वाचन अधिकृत बिरामी भएकाले अहिलेसम्म मतगणना सुरु हुन सकेको छैन।रासस

# मतदानको उमेर घटाउँदै न्युजिल्याण्ड

**एपी**

वेलिङटन । न्युजिल्याण्डले मतदानको उमेर १८ बाट घटाएर १६ वर्षमा झार्ने निर्णय गर्ने भएको छ । देशका सांसदले राष्ट्रिय मतदानको उमेर १८ बाट घटाएर १६ वर्षमा झार्नेनझार्ने भन्ने विषयमा आज मतदान गर्ने भएका छन् ।

देशको सर्वोच्च अदालतले १६ र १७ वर्ष उमेर समूहका जनसङ्ख्यालाई मतदान गर्न अनुमति नदिने उमेर भेदभावको रुपमा फैसला आएपछि प्रधानमन्त्री जसिन्डा अर्डेनको उक्त घोषणा सार्वजनिक भएको



हो । उहाँले व्यक्तिगतरुपमा उमेर घटाउने पक्षमा रहेको बताउँदै त्यसनिम्ति सांसदको बहुमत अर्थात् सात सय ७५ मत आवश्यक पर्छ । उदारवादी लेबर पार्टीकी नेत्री उहाँले मतदानको उमेर परिवर्तन गर्न सांसदको स्पष्ट अभिमत आत्यावश्यक भएको बताउनुभएको छ ।

विश्वका धेरै देशले मतदाताको उमेर घटाउने सम्बन्धमा बहस गरिरहेका छन् भने अष्ट्रिया, माल्टा, ब्राजिल, क्युबा र इक्वेडरले १६ वर्षमा नै मतदानको अधिकार दिएका छन् । न्युजिल्याण्डको 'मेक इट सिक्सटिन' अभियानका सहनिर्देशक सनत सिंहले अदालतको निर्णयबाट आफू अत्यन्त उत्साहित भएको बताउँदै सोमबारको दिन आफ्नो अभियानका निम्ति मात्र नभई देशका लागिसमेत ऐतिहासिक भएको बताएका छन् ।

# आसियन संसद्का प्रमुखहरू कम्बोडियामा भेला

**सिन्ह्वा**

नोम पेन्ह । दिगो, समावेशी रबलियो क्षेत्र प्रवर्द्धन गर्ने उपायबारे छलफल गर्न दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्घ (आसियान) का संसदीय नेताहरू सोमबार यहाँ जम्मा बएका छन् ।

आसियान अन्तर-संसदीय सभा (४३औं एआईपीए) को ४३औं महासभाको उद्धाटन समारोहलाई दिएको शाही सन्देशमा कम्बोडियाका राजा नोरोदोम सिहामोनीले अन्तर-संसदीय कूटनीति, साझेदारी र सहयोग विस्तार र यस क्षेत्रको दिगो शान्ति र समृद्धि प्रवर्द्धन गर्न संसदीय कूटनीति, साझेदारी र सहयोग महत्वपूर्ण हुने बताउनुभएको छ ।

"यस हप्ताको आइपाको ४३औं महासभाको भेलाले हाम्रो क्षेत्रको लागि अझ शान्त र समृद्ध भविष्य प्राप्त गर्न वर्तमान चुनौती पार गर्न एकता र प्रतिबद्धताको वास्तविक भावना प्रतिबिम्बित गर्दछ", राजाले भन्नुभयो। "त्यस भविष्य प्राप्त गर्न हामीले राष्ट्रिय र क्षेत्रीय विकास प्रयासहरू दिगोपन, समावेशीता र लचिलोपनको अवधारणासँग राम्रोसँग मिल्दोजुल्दो छ भनी सुनिश्चित गर्नुपर्छ,' उहाँले थप जोड दिदै भन्नुभयो ।




उद्धाटन कार्यक्रमलाई सम्बोधन गर्दै कम्बोडियाका प्रधानमन्त्री सम्देच टेको हुन सेनले विश्वले भू- राजनीतिक गलगायत थुप्रै चुनौतीको सामना गरिरहेको बताउँनुभएको छ । राजनीतिक प्रतिस्पर्धा, युद्ध, व्यापार र आर्थिक ध्रुवीकरण, जलवायुपरिवर्तन र प्राकृतिक प्रकोपहरू लगायतका थुप्रे चुनौती आजका मुख्य चुनौती हुन् उहाँले भन्नुभयो । हुन सेनले ४३औंएआईपीएलेएआईपीएप्रतिनिधिहरूलाई एकतामा सहयोग सुदृढ गर्ने र यस क्षेत्रका जनताको हितका लागि नीतिगत सिफारिसहरू पहिचान गर्ने साझा उद्देश्यका साथ विस्तृत विषयमा छलफलमा सहभागी हुने अवसर प्रदान गरेको पनि बताउनुभएको छ ।

कम्बोडियाको राष्ट्रियसभाका अध्यक्ष सम्देच हेङ साम्रिनले यस भेलाले यस क्षेत्रले सामना गर्ने अवरोध र चुनौतीहरूको बीचमा आसियान संसदबीचको ऐक्यबद्धता, मित्रता र निकट सहयोगको बलियो भावना झल्काएको बताउनुभएको छ । आसियान समूहमा ब्रुनाई, कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, म्यानमार, फिलिपिन्स, सिङ्गापुर, थाइल्याण्ड र भियतनाम छन् ।

# इरानले विश्वकपमा कतारलाई दैनिक २५० टन खाद्यान्न निर्यात गर्दै



**सिन्ह्वा**

तेहरान । इरानले फिफा विश्वकपमा कतारमा प्रतिदिन २५० टन खाद्यान्न र कृषि उत्पादन निर्यात गर्ने इरानको ट्रेड प्रमोशन अर्गनाइजेसन (टीपीओ) प्रमुखले आइतबार जानकारी दिएका छन् ।

इरानले दुई देशबीचको सम्झौता अनुसार कतारमाकेहीढुवानीशुरुगरिसकेको इरानको आईआरआईबी समाचार एजेन्सीले टीपीओका अध्यक्ष अलिरेजा पेमनपाकलाई उद्धृत गर्दे उल्लेख गरेको छ।

कतार लगायत छिमेकीहरूसँगको व्यापार बढाउनु वर्तमान इरानी सरकारको मुख्य दृष्टिकोण रहेको पेमनपाकले जोड दिएका छन्।

पेमनपाकले भने यसअघि इरान र कतारबीचको व्यापारिक सम्बन्ध उपयुक्त भन्सार र यातायात पूर्वाधारको अभावमा आंशिक रूपमा समाधान भइसकेको भए पनि अन्य समस्याका कारण अपेक्षाकृतरूपमा विकास हुन सकेको छैन।

उनले इरान र कतारले आफ्नो वार्षिक द्विपक्षीय व्यापार कारोबारलाई ३ अर्ब अमेरिकी डलरमा पुऱ्याउने रोडम्याप तयार गरेको पनि बताएका छन् ।

# चीन र रुसद्वारा श्रव्य दृश्य आदानप्रदान कार्यक्रम शुरु

**सिन्ह्वा**

मस्को । चीन र रुसले आइतबार भिडियो लिङ्क मार्फत "श्रव्य दृश्य सञ्चार सप्ताह-२०२२" को प्रमुख सांस्कृतिक आदानप्रदान कार्यक्रम शुरु गरेका छन्।

चीनको राष्ट्रिय रेडियो तथा टेलिभिजन प्रशासनका उपप्रमुख ले युचेङ, रुसका डिजिटल विकास, सञ्चार तथा आमसञ्चार उपमन्त्री बेला चेर्केसोवा र चीनका लागि रुसी राजदूत इगोर मोरगुलोभले एक समारोहका बीच भिडियो सन्देशहरू दिएका थिए।

"चीन-रुस श्रव्य दृश्य सञ्चार सप्ताह-२०२२" मा दुई देशका श्रव्य दृश्य कृतिहरू एकअर्काको भाषामा अनुवाद गरी एकअर्काको देशमा प्रसारण गरिनेछ।

कार्यक्रममा चिनियाँ र रुसी युवा गायकहरूका लागि अनलाइन गाला (प्लेटफर्म), छोटो भिडियो प्रतियोगिता र एनिमेसन व्यवसायका फर्महरूका लागि लाभदायक हुने सेमिनार पनि समावेश हुनेछन् ।

# इण्डोनेशियाको जाभा टापुमा भूकम्प, छ्यालिस जनाको मृत्यु

**एपी**

जकार्ता । इण्डोनेशियाको मुख्य टापु जाभामा ५.६ म्याग्निच्युडको भूकम्प हुँदा छ्यालिस जनाको मृत्यु भएको छ भने सात सय जना घाइते भएका छन् । भैँचालाले दर्जनौं भवन भत्काएको छ भने सुरक्षा अधिकारीहरूले प्रभावित क्षेत्रका सर्वसाधारणलाई सुरक्षाका निम्ति सडकमा पठाएका छन् ।

भूकम्पमा परी गम्भीर घाइते भएका ४६ जनाको सियानजुर क्षेत्रीय अस्पतालमा मृत्यु भएको तथा अन्य सात सय जना घाइते भएका राष्ट्रिय प्रकोप न्यूनीकरण इकाइका प्रमुख सुहार्यान्तोले बताएका छन् । सियानजुर वरपरका क्षेत्रका धेरै स्थानमा पहिरो खसेको, इस्लामिक आवासीय विद्यालय, अस्पताल, सार्वजनिक सुविधाका स्थल र भवनहरू भत्केका छन् ।

सम्बन्धित निकाय राहत तथा उद्धारका साथै क्षति विवरण सङ्कलन गरिरहेकाले हताहती र क्षतिको पूर्ण विवरण प्राप्त भएको छैन । बृहत् जकार्तालगायत भूकम्पको धक्का महसुस गरिएका स्थानका उच्च भवनका आपत्कालीन ढोकार र सिँढीबाट मानिसहरू सुरक्षित स्थानतर्फ गएका दक्षिणी जर्कार्ताका एक कर्मचारी विदी प्रिमधानीले बताइन् । भूकम्पको धक्का निकै शक्तिशाली थियो । आफ्नो कार्यालय रहेको नवौं तलाबाट आफू आपत्कालीन भऱ्याङबाट सुरक्षित स्थानमा गएको उनले बताइन् ।

# युवा अमेरिकी टिमलाई वेल्सको चुनौती

**टुडे समाचारदाता**

काठमाण्डु । विश्वकप २०२२ मा अमेरिका र वेल्स सोमबार राती भिड्दैछन्। ग्यारेथ बेलमाथि आसा राखेको वेल्स यस विश्वकपलाई यादगार बनाउन चाहान्छ। बेलले केही दिन अघि लस एन्जलस एफसीलाई मेजर लिग सकरट्रफी उचाल्न मद्दत गर्न महत्त्वपूर्ण भूमिका खेलेका थिए।

अमेरिका युवा टिम हो। मुख्य प्रशिक्षक ग्रेग बर्हाल्टरले उत्कृष्ट टिम बनाएका छन् ।




**मिति र समय**

२१ नोभेम्बर, राति १२:४५ बजे

**स्थान**

अहमद बिन अली स्टेडियम, अर-रेयान

**कहाँ हेर्ने?**

हिमालय टेलिभिजन

**टिम समाचार**

वेल्सका मिडफिल्डर जो एलेनलाई सेप्टेम्बर १७ मा स्वान्सी सिटीबाट खेल्दा ह्यामस्ट्रिङमा चोट थियो, जसका कारण उनी खेल्नेमा शंका छ।

**प्लेइङ ११**

अमेरिका (सम्भावित): म्याट टर्नर, सर्जिनो डेस्ट, वाकर जिम्मरम्यान, आरोन लङ, एन्टोनी रोबिन्सन, युनुस मुसाह, टायलर एडम्स, वेस्टन म्याकेनी, क्रिश्चियन पुलिसिक, जोस सार्जेन्ट, ब्रेन्डन आरोनसन

**वेल्स (सम्भावित)**: वेन हेनेसी, एथान एम्पाडु, जो रोडन, बेन डेभिस, कोनर रोबर्ट्स, जो एलेन, आरोन राम्से, नेको विलियम्स, ग्यारेथ बेल, किफर मूर, डेनियल जेम्स

**हेड टु हेड**

अमेरिका र वेल्स यसअघि दुई पटक भिडेका छन्, तर विश्वकपमा कहिल्यै भेट भएको छैन। अमेरिका एक जित र एक बराबरीसहि अघि छ। दुई टिमबीच दुई वर्षअघिको खेल गोलरहित सकिएको थियो। संयुक्त राज्य अमेरिकाले २६ मे २००३ मा वेल्सलाई २-० ले हराएको थियो।

**खेल तथ्य**

अमेरिका दक्षिण अफ्रिका २०१० र ब्राजिल २०१४ मा हालैका दुईवटा विश्वकप समूहबाट सफलतापूर्वक छनोट भएको छ र पछिल्ला विश्वकप मध्ये चारमा नकआउट चरणमा पुगेको छ।

अमेरिकाले विश्वकपमा आफ्नो पछिल्लो १० खेलमध्ये एउटामा मात्र गोल गर्न सकेको छैन । एक पटक विश्वकपमा पुगेपछि नकआउट चरणको लागि योग्य हुन कस्तो हुन्छ भन्ने कुरा वेल्सलाई मात्र थाहा छ। सन् १९५८ मा स्विडेनमा भएको एकमात्र उपस्थितिमा उनीहरू ब्राजिलसँग भिड्न क्वार्टरफाइनलमा पुगेका थिए, जहाँ किशोरावस्थामा पेलेको सनसनीले वेल्स पराजित भयो।

# मानेलाई 'मिस' गरिरहेको सेनेगलविरूद्ध आठ वर्षपछि विश्वकपमा फर्किएको नेदरल्यान्ड्स

**टुडे समाचारदाता**

काठमाण्डु । सेनेगलका प्रशिक्षक अलिउ सिसेले साडियो मानेको अनुपस्थितिबाट फुटबल परिवार 'दुःखी' भएको बताएका छन्।

अफ्रिकी च्याम्पियनले सोमबार राति ९:४५ बजे फिफा विश्वकप २०२२ को समूह 'ए'को खेलमा नेदरल्याण्ड्सविरुद्ध आफ्नो पहिलो खेल खेल्दैछ । बायर्न म्युनिखका फरवार्ड मानेले घुँडाको चोटका कारण प्रतियोगिता गुमाएका छन् । नेदरल्याण्ड्सका कप्तान भर्जिल भान डाइकले आफ्नो पूर्वसहकर्मी मानेसँग कुरा गरेको बताएका छन्। दुवैले लिभरपुलबाट सँगै खेलेका थिए।




**मिति र समय**

सोमबार २१ नोभेम्बर, राति ९:४५ बजे

**स्थान**

अल थुमामा रंगशाला

**प्रत्यक्ष प्रशारण**

हिमालय टेलिभिजन

**टिम समाचार**

मोनाकोका विङ्गर क्रेपिन डियाटा र मार्सेलीका बाम्बा डिएङ मानेको ठाउँमा छन्, तर आरबी लाइपजिगका अब्दु डियालो घुँडाको समस्याले गुमाउन सक्छन् ।

ह्यामस्ट्रिङको चोटले विश्वकप छनोटमा १२ गोल गरेका नेदरल्याण्डका फरवार्ड मेम्फिस डिपे टिममा छैनन्।

**हेड-टू-हेड**

सबै प्रतियोगितामा सेनेगल र नेदरल्याण्ड्सबीचको यो पहिलो भिडन्त हो।

**खेल तथ्य**

**सेनेगल**

विश्वकपमा अफ्रिकी टोलीको उत्कृष्ट नतिजा क्वार्टरफाइनलमा पुग्नु थियो। सन् १९९० मा क्यामरुन, २००२ मा सेनेगल र २०१० मा घाना पनि अन्तिम चारमा पुगेका थिए । सेनेगलले विश्वकपमा ११ गोलमध्ये ७ गोल हाफ टाइमअघि नै गरेको थियो। उनीहरूले आफ्नो १० गोलमध्ये सात गोल दोस्रो हाफ वा अतिरिक्त समयमा गरेका थिए।

सेनेगलका प्रशिक्षक अलिउ सिसे सेनेगलका सबै विश्वकप अभियानमा संलग्न छन्। उनी सन् २००२ मा कप्तान र सन् २०१८ र २०२२ मा टोलीको प्रशिक्षक थिए ।

**नेदरल्याण्ड्स**

विश्वकपमा नेदरल्याण्ड्सको यो ११ औं उपस्थिति हो। २०१८ न छनोट हुन असफल भएको थियो । नेदरल्यान्ड्स एक मात्र टोली हो जसले कम्तिमा तीन विश्वकप फाइनल खेलेको छ र कहिल्यै ट्रफी जित्न सकेको छैन। ती तीनवटा फाइनलमा सन् १९७४ (२-१ विरुद्ध आयोजक पश्चिम जर्मनी), १९७८ (अतिरिक्त समय पछि ३-१ आयोजक अर्जेन्टिना) र २०१० (स्पेन विरुद्ध अतिरिक्त समयमा १-०) मा पराजित भएका थिए ।

नेदरल्याण्ड्सले आफ्नो पछिल्लो १४ विश्वकप खेलहरू मध्ये एउटा मात्र हारेको छ । नेदरल्यान्ड्स २०२२ को विश्वकपमा प्रवेश गर्ने एकमात्र टोली हो जसले आफ्नो पछिल्लो तीन विश्वकप खेलमा क्लिन शिट राखेको छ।

# साउदीले विश्वकपमा कतारलाई सघाउने

**एएनआई**

रियाद । साउदी अरबले फिफा विश्वकपमा कतारलाई सहयोग गर्ने भएको छ । साउदी युवराजले कतारमा जारी विश्वकप फुटबल प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न छिमेकी देशलाई सघाउने बताउनुभएको हो ।

साउदी अरबका युवराज एवम् प्रधानमन्त्री मोहम्मद बिन सलमान अलसाउदले आफ्नो सरकारले विश्वकपको समयमा कतारलाई सहयोग गर्ने जनाउँदै सम्बद्ध निकायलाई सहायता उपलब्ध गराउन आदेश दिनुभएको साउदी खेलकुद मन्त्रालयले जनाएको छ ।

एकमहिनासम्म सञ्चालन हुने अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा युवराज अल साउदले कतारका प्रयासमा सघाउन, समर्थन गर्न एवम् थप कोषसमेत उपलब्ध गराउन सरकारी निकायहरूलाई निर्देशन दिनुभएको उक्त मन्त्रालयले एक वक्तव्य निकालेर बताएको छ । सन् २०१७ मा संयुक्त अबर इमिरेट्स, साउदी अरब, बहराइन र इजिप्टले आतङ्कवादप्रति कतार नरम रहेको आरोप लगाउँदै दोहासँगको कूटनीतिक सम्बन्ध तोडेका थिए ।

# पोर्चुगलको टोलीमा कुनै प्रभाव पार्दैन: रोनाल्डोले

**एपी**

दोहा । क्रिस्टियानो रोनाल्डोले सोमबार म्यानचेस्टर युनाइटेडसँगको आफ्नो विवादले विश्वकपमा पोर्चुगलको टोलीमा कुनै प्रतिकूल प्रभाव नपार्ने बताएका छन् ।

रोनाल्डोलेपोर्चुगलकोक्याम्पमा आयोजित पत्रकार सम्मेलनमा भने- "मलाई कुनै शङ्का छैन कि यो भर्खरको दृश्य हो । त्यो अन्तर्वार्ता र अन्य खेलाडीहरूसँगको अन्य एपिसोडहरूले कहिलेकाहीँ खेलाडीलाई हल्लाउन, आंशिक प्रभाव पार्न सक्छ तर टोलीलाई हल्लाउँदैन।" आइतबारदेखि फिफा विश्वकप शुरु भएको छ। यस विश्वकपका प्रमुख चर्चित खेलाडी मध्येका रोनाल्डो एक हुन् ।

# एसियन पावर हाउसविरुद्ध इंग्ल्यान्ड



**टुडे समाचारदाता**

काठमाण्डु । सन् २०१८ को फिफा विश्व कप रसियाको सेमिफाइनल र युरो २०२० को फाइनलको यात्रा गरेको इंग्ल्यान्ड फिफा विश्वकप २०२२ मा उत्कृष्ट सुरुवात गर्न चाहान्छ। जसमा इंग्ल्यान्ड एसियाको उत्कृष्ट टिम इरानसँग खेल्दैछ।

**मिति र समय**

सोमबार २१ नोभेम्बर, साँझ ६:४५ बजे

**स्थान**

खलिफा अन्तर्राष्ट्रिय रंगशाला, दोहा

**प्रत्यक्ष प्रशारण**

हिमालय टेलिभिजन

**टिम समाचार**

इंग्ल्यान्डका डिफेन्डर काइल वाकर र मिडफिल्डर काल्भिन फिलिप्स हालसालै चोटबाट निको भए पनि खेल्नेमा शंका छ। यस्तै इरानका स्ट्राइकर सरदार अजमोनले अक्टोबरमा चोट बोकेपछि खेलेका छैनन् ।

**प्लेइङ ११**

इंग्ल्याण्ड (सम्भावित): जोर्डन पिकफोर्ड; जोन स्टोन्स, एरिक डायर, ह्यारी मग्वायर; केइरन ट्रिपियर, डेक्लान राइस, बेलिङघम, लुक शा, बुकायो साका, ह्यारी केन, रहिम स्टर्लिङ इरान (सम्भावित) अलीरेजा बेइरानभान्ड; सदेग मोहरमी, हुसेन कानानिजादेगन, माजिद होसेनी, एहसान हजसाफी; अहमद नौरोल्लाही, सईद इजातोलाही, ओमिद इब्राहिमी; अलिरेजा जहाँबख्श, करीम अन्सारिफार्द, मेहदी तारेमी

**हेड टु हेड**

अन्तर्राष्ट्रिय प्रतियोगितामा दुवै पक्षको यो पहिलो भेट हुनेछ ।

**खेल तथ्य**

इरानले अर्जेन्टिनामा १९७८ मा डेब्यू गरेपछि छैटौं विश्वकप खेल्दै छ भने यो लगातार तेस्रो विश्वकप हो । इंग्ल्यान्डले कतारका लागि छनोट हुने अभियानमा अपराजित रह्यो भने विश्वकप छनोटको एउटै अभियानमा उनको कुल ३९ गोल सबैभन्दा धेरै हो ।



पशुपतिनाथ क्षेत्रमा बालाचतुर्दशीका लागि बिक्रीमा राखिएको सतबीजलगायत पूजाका सामग्री किन्दै भक्तजन । तस्बिर : रासस

# भारतमा निशानको नयाँ मोडल 'कश्काई' को परीक्षण हुँदै

**एजेन्सी**

मुम्बई । निशान मोटर्सले भारतीय बजारमा आफ्नो नयाँ गाडीको परीक्षण सुरू गरेको छ। निशानले भारतीय बजारको लागि नयाँ पाँच-सिटर एसयुभी 'कश्काई' सार्वजनिक गर्दैछ। हाल यही एसयुभीको स्थानीय बजारमा परीक्षण भइरहेको हो ।





भारतीय अटो वेबसाइट कारवालेका अनुसार विश्व बजारमा कश्काई एसेन्टा प्रिमियम, एन-कनेक्टा, टेक्ना र टेक्ना प्लस गरी चार विभिन्न भेरियन्टमा उपलब्ध छन् ।

हाल बजारमा परीक्षणमा रहेको कश्काईको बाहिरी डिजाइन आकर्षक छ। यसमा सी-आकारको एलइडी हेडल्याम्प र सिग्नेचर भी-मोसन ग्रिल देख्न सकिन्छ। यसमा फराकिलो फग लाइट देख्न सकिन्छ भने यसमा डुअल-टोन रिअर बम्पर देख्न सकिन्छ ।

गाडीमा अलोय ह्विल दिइएको छ जसको आकार १८ देखि २० इन्चको देखिन्छ। गाडीको लम्बाई ४,४२५ एमएम, चौढाई १,८३५ एमएम र उचाई २,६६५ एमएम छ। यसको ग्राउन्ड क्लेरेन्स भने १८८ एमएम छ ।

गाडीको भित्री भाग पनि सानदार र आरामदायी देखिन्छ। यसमा प्यानारोमिक सनरुफ पनि पाउन सकिन्छ। यसमा पुरै डिजिटल इन्स्ट्रुमेन्ट कन्सोल, फ्लोटिङ टचस्क्रिन इन्फोटेनमेन्ट प्रविधि, डुअल जोन क्लाइमेट कन्ट्रोल, इन्जिन स्टार्ट-स्टप बटन, अटो-होल्ड विशेषतासहितको इलेक्ट्रिक ब्रेक र कप होल्डर पनि दिइएको छ। त्यस्तै गाडीमा ३६० डिग्री क्यामेरा छ ।

निशान कश्काईमा १.५ लिटर, थ्री सिलिन्डर पेट्रोल इन्जिन जडित विद्युतीय मोटर छ। यसले १८८ पावर र ३३० एनएम टर्क जेनेरेट गर्छ। गाडीको टप स्पीड १७० किलोमिटर प्रति घण्टा हुने बताइएको छ ।

यी विशेषता भएको निशान कश्काई भारतीय बजारमा सन् २०२३ को मध्यतिर सार्वजनिक हुने बताइएको छ ।

कम्पनीले यसको सुरुआती बजार मूल्य भारु २५ देखि ३० लाख तोक्ने अनुमान छ। कश्काईले बजारमा उपलब्ध हुन्डाईको टुस्कन र सिट्रोन सि-५ एयरक्रससँग प्रतिस्पर्धा गर्नेछ ।

# घट्यो सुन-चाँदीको मूल्य

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली बजारमा सोमाबार सुन-चाँदीको मूल्य घटेको छ। सोमबार सुनको मूल्य अघिल्लो दिनको तुलनामा प्रतितोला छ सय रुपैयाँ घटेको हो ।



अघिल्लो कारोबार दिन अर्थात् शुक्रबार सुन प्रतितोला एक सय रुपैयाँ बढेको थियो। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार आज छापावाल सुन प्रतितोला ९७ हजार पाँच सय रुपैयाँ र तेजाबी सुन प्रतितोला ९७ हजार रुपैयाँमा कारोबार भइरहेको छ ।

शुक्रबार छापावाल सुन प्रतितोला ९८ हजार एक सय रुपैयाँ र तेजाबी सुन प्रतितोला ९७ हजार छ सय रुपैयाँमा कारोबार भएको थियो ।

त्यसैगरी, सोमबार चाँदीको मूल्य पनि घटेको छ। आज चाँदी प्रतितोला १२ सय ६५ रुपैयाँमा कारोबार भइरहेको छ ।

आइतबार चाँदी प्रतितोला १२ सय रुपैयाँ ८० मा कारोबार भएको थियो। आइतबारको तुलनामा सोमबार चाँदी तोलामा १५ रुपैयाँ घटेको हो ।

सोमबार अन्तर्राष्ट्रिय बजारमा भने सुन प्रतिऔंस १७ सय ४६ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

# अलैंचीबाट आत्मनिर्भर बन्दै माछापुच्छ्रे गाउँपालिका

पोखरा। कृषिका लागि निकै उर्बर मानिने कास्कीको माछापुच्छ्रे गाउँपालिकाका किसान अहिले अलैंचीमा आत्मनिर्भर हुँदैछन् । नगदेबाली अलैंचीखेतीले राम्रो प्रतिफल दिन थालेपछि यसतर्फ स्थानीयको आकर्षण बढेको हो ।

माछापुच्छ्रे-८ कोलेलीका कृषक नरेशराज लामिछानेले करिब ७० रोपनी जग्गामा व्यावसायिकरुपमा अलैंची खेती गर्न थाल्नुभएको छ । ज्योति अर्गानिक कृषि फर्मका सञ्चालकसमेत रहनुभएका लामिछाने भन्नुहुन्छ, "अन्य बालीभन्दा अलैंचीबाट राम्रो मुनाफा भएपछि यसतर्फ ध्यान जान थाल्यो ।" उहाँले सेपिलो बाँझो जग्गामा अलैंचीखेती हुनेहुँदा खेर गएको जग्गाको उपयोग भएको बताउनुभयो ।



स्थानीय किसानले २०५०/५१ सालतिर अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) मार्फत इलाम र ताप्लेजुङ भ्रमणमा गएको बेला त्यहाँबाट अलैंचीको रामसाइँ र गोलसाइँ जातका केही बेर्ना ल्याएर रोपेका थिए। यसले राम्रो उत्पादन दिएपछि स्थानीयवासी अलैंचीको व्यावसायिक खेतीतर्फ आकर्षित हुन थालेका हुन् । त्यतिबेला रोपेको अलैंचीको बेर्नाले अहिलेसम्म पनि फल दिइरहेको छ । एकचोटीको लगानी र मेहनतको प्रतिफल लामो समयसमम पाइने भएकाले पनि किसानको रोजाइमा पर्दै गएको उहाँ बताउनुहुन्छ।

लामिछानका अनुसार पछिल्लो समय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट अलैंची क्षेत्र कार्यक्रममार्फत अनुदान प्राप्त हुन थालेपछि यस क्षेत्रका किसानको रुची अझ बढेको हो । परियोजनाको अनुदानमा उक्त क्षेत्रमा ११ वटा अलैंची सुकाउने आधुनिक भट्टी पनि निर्माण गरिएको छ।

त्यसैगरी पोखरा-२५ हेम्जाका भुवनेश्वर पौडेलले पनि अहिले माछापुच्छ्रे गाउँपालिका-६ धिताल गाउँमा व्यावसायिक अलैंची खेती सुरु गर्नुभएको छ । सरकारी सेवाबाट अवकास लिएपछि कृषि कर्ममा लाग्नुभएका पौडेल अहिले अलैंची खेतीबाट निकै उत्साहित हुनुहुन्छ। माछापुच्छे एग्रो सेन्टर प्रालिका अध्यक्षसमेत रहनुभएका पौडेलले सुरुमा परीक्षणका लागि करिब सात रोपनी क्षेत्रफलमा मात्र अलैंची लगाएको र उत्पादन राम्रो भएपछि क्षेत्र विस्तार गरेर व्यावसायिक खेती गरेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "लगाएको दुई वर्षमा नै एक क्विन्टल बढी अलैंची उत्पादन भयो, यसले हामीलाई उत्साहित बनायो ।"

विसं २०७५ मा करिब एक सय ६० रोपनी जग्गा खरिद गरी कृषि कर्मको बाटोमा लाग्नु भएका पौडेलले ६० रोपनी क्षेत्रफलमा अलैंची खेती गर्नुभएको छ । उहाँले अहिले क्षेत्र विस्तार गरेर थप एक लाख अलैंचीका बेर्ना रोप्नु भएको छ। यसबाहेक कालिज, स्थानीय जातका कुखरा, एभोगाडो, जापानिज कडुस पनि उहाँको फर्ममा देख्न सकिन्छ।

माछापुच्छ्रे मर्दी खोला अलैंची ब्लक क्षेत्र सञ्चालक समितिका अध्यक्ष दिपक पौडेलले उत्पादित अलैंची ब्लकको समन्वयमा बिर्तामोड केन्द्रमा लगेर बिक्री गरिने बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाको वडा नं २, ६, ७, ८ र ९ का स्थानीयवासीले व्यावसायिकरुपमै अलैंची खेती गरेका छन् भने बाँकी वडाका किसानले पनि चासो राख्न थालेका छन् ।

यस्तै मादी गाउँपालिकाको वडाहरु १,२,३, ८, १० र ११, अन्नपूर्ण गाउँपालिकाको वडा १, ३,४, ७, १० र ११ तथा पोखरा महानगरपालिकाको वडा नं १६ र १९ मा अलैंची क्षेत्रसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ।

अहिले गाउँपालिकाबाट मात्रै करिब २५ हजार केजी उत्पादन भएको छ । गाउँपालिकाले अलैंचीबाट वार्षिक रु दुई करोड ५० लाख भित्र्याएको पौडेलले बताउनुभयो । गाउँपालिकाका केही वडा अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने भएकाले वन क्षेत्रमा रुखका हाँगाबिँगा छिमल्दा पनि संरक्षण क्षेत्रबाट समस्या हुने गरेको किसानहरुको गुनासो छ। अलैंची क्षेत्रलाई ध्यान दिएर एक्यापले सहजीकरण गर्नुपर्ने उहाँको भनाइ छ।

अलैंचीले रोपेको तीन वर्षबाट उत्पादन दिन थाल्छ । अघिल्लो वर्ष रु ११ सय प्रतिकेजीमा बिक्री भएको अलैंची अहिले केही मूल्य घटेकाले उचित मूल्यको पर्खाइमा किसान रहेका छन् । भारतीय व्यापारीले अलैंचीको मूल्य निर्धारण गर्ने र त्यसै आधारमा खरीद बिक्री हुने हुँदा मूल्य घटबढ भइरहने हुन्छ।

पछिल्लो समय नेपालबाट निर्यात हुने वस्तुमा अलैंची पनि पर्न थालेको छ । विदेशबाट ठूलो मात्रामा ल्वाङ, सुकमेलजस्ता मसलाजन्य सामग्री आयात गर्छ । यस भेगमा उत्पादन हुने अलैंचीलाई पनि निर्यात गर्न सके विदेशी मुद्रा आर्जन गर्न सहज हुने गाउँपालिका-८ का अध्यक्ष रामबहादुर गुरुङ बताउनुहुन्छ। गाउँलाई कृषिमै आत्मनिर्भर बनाउन ज्ञान केन्द्र र गाउँपालिकाको सहयोगमा वडाका किसानलाई आलुको विऊ पनि निःशुल्क वितरण गरेको उहाँले जानकारी दिनुभयो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका परियोजना कार्यान्वयन एकाइ कास्कीका प्रमुख वरिष्ठ कृषि अधिकृत रोशन अधिकारी कास्कीका माछापुच्छे, अन्नपूर्ण र मादी गाउँपालिका विभिन्न वडामा अलैंची खेतीलाई अनुदान दिइएको र त्यसको प्रतिफल पनि राम्रो पाइएको बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, "माछापुच्छ्रे गाउँपालिमा अलैंचीको व्यावसायिक खेती निकै राम्रो छ, किसानले उत्साहित रुपमा व्यक्तिगत र समूहमा गरेर अलैंची खेती गरेका छन् ।" उहाँले क्रमशः अलैंची खेतीको क्षेत्र विस्तार भएकाले आगामी दिनमा उत्पादन बढ्ने र गाउँ अलैंचीबाटै आत्मनिर्भर हुने अवस्थामा रहेको उल्लेख गर्नुभयो ।

उहाँका अनुसार अनुदानबाट सिँचाइ र अलैंची सुकाउने आधुनिक भट्टी निर्माणमा ८५ प्रतिशत अनुदान उपलब्ध गराइएको छ भने क्षेत्र विस्तार कार्यक्रम, चक्लाबन्दी, उपकरण, नर्सरी, अलैंचीको बेर्नालगायतमा ५० प्रतिशत अनुदान दिने गरिएको छ ।रासस

# डलरको भाउ स्थिर रहँदा घट्यो युरो



**टुडे समाचारदाता**

काठमाण्डु । सोमबार अमेरिकी डलरको भाउ स्थिर रहेको छ। आइतबार एकको खरिददर १३० रुपैयाँ ४० पैसा र बिक्रीदर १३१ रुपैयाँमा कारोबार भएको अमेरिकी डलर सोमबार पनि सोही भाउमा किनबेच भएको छ।

त्यस्तै, सोमबार युरोपियन युरोको एकको खरिददर १३४ रुपैयाँ ६३ पैसा र बिक्रीदर १३५ रुपैयाँ २५ पैसा तोकिएको छ।

आइतबार युरो एकको खरिददर १३५ रुपैयाँ २६ पैसा र बिक्रीदर १३५ रुपैयाँ ८८ पैसा कायम गरिएको थियो ।

नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको विनिमय दर अनुसार आज पाउण्ड स्टर्लिङ एकको खरिदमा भने १५५ रुपैयाँ २ पैसा र बिक्रीमा १५५ रुपैयाँ ७३ पैसा पाइन्छ ।

त्यसैगरी, अष्ट्रेलियन डलर एकको खरिदमा आज ८७ रुपैयाँ र बिक्रीमा ८७ रुपैयाँ ४० पैसा तोकिएको छ। क्यानेडियन डलर एकको खरिदमा भने ९७ रुपैयाँ ४२ पैसा र बिक्रीमा ९७ रुपैयाँ ८६ पैसा पाइन्छ ।

यस्तै, कतारी रियाल एकको खरिदमा ३५ रुपैयाँ ६० पैसा र बिक्रीमा ३५ रुपैयाँ ७६ पैसा पाइन्छ। राष्ट्र बैंकले साउदी अरेबियन रियाल एकको खरिददर आज ३४ रुपैयाँ ६९ पैसा र बिक्रीदर ३४ रुपैयाँ ८५ पैसा तोकेको छ।


युएई दिराम एकको खरिदमा ३५ रुपैयाँ ५० पैसा र बिक्रीमा ३५ रुपैयाँ ६६ पैसा पाइन्छ। मलेसियन रिंगिट एकको खरिदमा सोमबार २८ रुपैयाँ ६४ पैसा र बिक्रीमा २८ रुपैयाँ ७७ पैसा पाइन्छ ।

सोमबार कुवेती दिनार एकको खरिदमा ४२३ रुपैयाँ ५१ पैसा र बिक्रीमा ४२५ रुपैयाँ ४६ पैसा पाइन्छ। त्यसैगरी, सोमबार बहराइन दिनार एकको खरिददर ३४५ रुपैयाँ ८९ पैसा र बिक्रीदर ३४७ रुपैयाँ ४८ पैसा तोकिएको छ।

# टिसिएलले सार्वजनिक गऱ्यो विश्वकप लक्षित नयाँ योजना

**टुडे समाचारदाता**

काठमाण्डु । एन्ड्रोइड टिभी ब्राण्ड टिसिएलले यो अन्तराष्ट्रिय फुटबल प्रतियोगितालाई लक्षित गरेर 'फुटबल हंगामा' नामक योजना सार्वजनिक गरेको छ । यस योजनाअन्तर्गत ग्राहकहरूले टिसिएल टेलिभिजनको खरिद गर्दा आकर्षक नगद छुट र फ्री टिसर्ट प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।





साथै, टिसिएलका कुनै पनि होम इन्टरटेनमेन्ट र होम एप्लायन्स उत्पादनहरु खरिद गर्दा १ भाग्यशाली ग्राहकले बम्पर उपहार अन्तर्गत ६५ इन्चको फोरके टेलिभिजन पनि जित्न सक्नेछन् । ग्राहकहरूले आफूलाई बम्पर उपहारमा सहभागी गराउन टिसिएल टाइप गरी आफ्नो नाम र खरिद गरिएको सामानको वारेण्टी कार्ड नम्बर लेखेर ३१००३ मा एसएमएस गर्नुपर्ने बताइएको छ।

यो योजना मंसिर १ गतेदेखि सीमित अवधिका लागि नेपालभरी लागू हुने कम्पनीले जनाएको छ । यसका साथै कम्पनीले फ्री डेलिभरी, फ्री इन्स्टलेशन एन्ड डेमो, एक्सचेन्ज अफर र शून्य प्रतिशतमा फाइनान्स सुविधा पनि प्रदान गरेको छ। टिसिएल ब्राजिलियन राष्ट्रिय फुटबल टोलीको आधिकारिक विश्वव्यापी प्रायोजक पनि हो।

नेपाल अधिराज्यभर टिसिएल ब्राण्डको आधिकारिक विक्रेता चौधरी ग्रुपको सिजी इलेक्ट्रोनिक्स अन्तर्गत सिजिइओएल रहेको छ। सिजी इलेक्ट्रोनिक्सले सम्पूर्ण नेपाली ग्राहकरूलाई सिजी डिजिटल शोरूम तथा आफ्नो फराकिलो विक्रेता सञ्जालमार्फत उत्कृष्ट सेवा र अनुभव प्रदान गरिरहेको छ।

# पोखरा विमानस्थलमा क्यालिब्रेसन उडान सुरू

**टुडे समाचारदाता**

पोखरा। पोखरा क्षेत्रीय अन्तर र्राष्ट्रिय विमानस्थलमा आजबाट क्यालिब्रेसन उडान सुरू भएको छ । विमानस्थलमा एरो थाइ जहाजले आजदेखि एक सातासम्म क्यालिब्रेसन उडान सुरू गरेको नेपाल नागरिक उड्डयन प्राधिकरणले बताएको छ।

प्राधिकरणकाअनुसार एरो थाइले आज (२१ नोभेम्बर)देखि मंसिर ११ गते (२७ नोभेम्बर)सम्म विमानस्थलको यान्त्रिक परीक्षण उडान गर्नेछ।

एरो थाइले दैनिक अधिकतम छ घण्टा उडान गर्नेछ। नयाँ विमानस्थलको यान्त्रिक परीक्षणमा ४ वटा प्रविधि तथा उपकरणको परीक्षण गरिने विमानस्थल आयोजना प्रमुख बिनेश मुनाकर्मीले जानकारी दिए।

उनकाअनुसार यो अवधिमा विमानस्थलको डिभिओर, आइएलएस, डिएमआई र पिएपिआइको मुख्य परीक्षण गरिन्छ। पोखरा विमानस्थलको क्यालिब्रेसन उडान सकिएपछि उडान गरेको कम्पनीले प्रतिवेदन बुझाउँनेछ।

सोही प्रतिवेदनका आधारमा नयाँ विमानस्थलमा परीक्षण उडान गरिन्छ। परीक्षण उडान समेत सफल भएको प्रतिवेदन आएपछि भने विमानस्थलमा अन्तर्राष्ट्रिय व्यवसायिक उडानका लागि कम्पनीहरूले अनुमति पाउनेछ।

सरकारले १ जनवरी २०२३ (पुस १७)देखि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा व्यावसायिक उडान गर्ने निर्णय गरिसकेको छ। विमानस्थल सञ्चालनमा आएसँगै पोखराबाट भारतको बनारससमा पहिलो उडान गर्ने बुद्ध एयरले तयारी गरिरहेको छ।

# सप्तरी २ मा डा. राउत अगाडि




**टुडे समाचारदाता**

राजविराज । सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं. २ मा जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउतले अग्रता हासिल गरिरहेका छन् ।

सोमबार साँझसम्म भएको मतगणनामा उनी जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव भन्दा अगाडि देखिएका छन् ।

मतगणनाका क्रममा तेश्रो स्थानमा सत्तारुढ गठबन्धनका साझा उम्मेदवार लोसपाका जयप्रकाश ठाकुर रहेका छन् । अन्तिम परिणाम मंगलबार साँझसम्म मात्र आउने अनुमान गरिएको मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले जानकारी दिएका छन् ।

यस क्षेत्रमा ९५ हजार ३ सय ९४ मतदाता छन् । जसमध्ये ६४ हजार ५ सय ६० जनाले मतदान गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

यस क्षेत्रमा २०७४ मा जितेका उपेन्द्र जित दोहऱ्याउने आशमा रहेको जसपाका कार्यकर्ताहरु बताउँछन् । यद्यपि हालसम्म यस क्षेत्रमा सांसद दोहोरिएको इतिहास छैन् । प्रारम्भिक रुझानले पनि त्यस्तै संकेत गरिसकेको राजनीतिक विश्लेषकहरु बताउँछन् ।

गन्न बाँकी रहेका विभिन्न पालिकाको मत पनि उल्लेखनीय रुपमा डा. राउतले प्राप्त गर्ने आंकलन गरिएको छ । अघिल्लो निर्वाचनमा उपेन्द्रलाई भारी मतले जिताएका मतदाताले यसपल्ट मधेश विरोधी भनी भन्दै आएका तथा नागरिकता विधेयक पारित गराउनमा असहयोग गरेको एमालेसँग गरिएको गठबन्धनबाट असन्तुष्ट भइ डा. सीके र उनको पार्टीलाई मतदान गरेको विश्लेषण भइरहेको छ ।

यसै क्षेत्रको प्रदेशसभा २ को १ मा जनमत पार्टीकै सतिश सिंह अग्रस्थानमा छन् । उनलाई जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले पच्छ्याइरहेका छन् । तेश्रो स्थानमा सत्तारुढ गठबन्धनका साझा उम्मेदवार लोसपाका सरोजकुमार मण्डल रहेका छन् ।

यस्तै,प्रदेशसभा २ को २ मा पनि जनमत पार्टीकै महेश प्रसाद यादव अग्रस्थानमा छन् । यहाँ सत्तारुढ गठबन्धनका साझा उम्मेदवार माओवादी केन्द्रका उमेश कुमार यादव उनलाई पच्छ्याइरहेका छन् ।

जिल्लाकै प्रतिनिधिसभा क्षेत्र नं. १ मा एमाले-जसपा गठबन्धनका साझा उम्मेदवार मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साह अग्रता लिएका छन् भने सत्तारुढ गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका रामदेव साह उनलाई पच्छ्याइरहेका छन् ।

प्रतिनिधिसभा क्षेत्र नं. ३ मा सत्तारुढ गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका दिनेश कुमार यादव अग्रता लिएका छन् भने जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार ताराकान्त चौधरी उनलाई पच्छ्याइरहेका छन् ।

यस्तै, प्रतिनिधिसभा क्षेत्र नं. ४ मा सत्तारुढ गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका तेजुलाल चौधरी अग्रता लिएका छन् भने जनमत पार्टीका उम्मेदवार सुकदेव प्रसाद साह उनलाई पच्छ्याइरहेका छन् ।

यता जिल्लाको चार वटै निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा कडा सुरक्षाबीच मतगणना कार्य भइरहेको छ । मतगणनास्थललाई तारजालीले घेरवार गरी उम्मेदवार, उम्मेदवारका प्रतिनिधि र संचारकर्मीलाई प्रवेश गर्न दिइएको छ भने सीसी क्यामरा तथा व्यापक रुपमा सुरक्षाकर्मी परिचालन गरी सुरक्षा व्यवस्था कडा गरिएको छ ।

# निधि फ्याक्टर फ्लप

**टुडे समाचारदाता**

जनकपुरधाम । मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनका लागि धनुषा निर्वाचन क्षेत्र नम्वर ३ मा निधि फ्याक्टर फ्लप देखिएको छ ।



निधिले पाँच दलीय गठबन्धनका उम्मेदवार अनिल झाको पक्षमा मत माग्दा उनी विजयी हुने आकलन गरिए पनि उनी एमाले-जसपा गठबन्धनका उम्मेदवार जुली महतोबाट पाँच सय मतले पछाडि भएका छन् ।

पाँच दलीय गठबन्धनका उम्मेदवार भएर रौतहट निर्वाचन क्षेत्र नम्वर १ बाट धनुषा निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभाका उम्मेदवार बनेका झाले निधिको सहयोगको अपेक्षा गरेका थिए । तर, कांग्रेस भित्र देखिएको कलह र अर्न्तविरोधका कारण उनी पछाडि परेका छन् । निधिबाट उनकै नेता कार्यकर्ता असन्तुष्ट रहेका कारण उनको फ्याक्टर फ्लप भएको जानकारहरु बताउँछन् ।

जुली महतो निर्वाचन क्षेत्र नम्बर ३ बाट निर्वाचन लड्ने चर्चा चले संगै कांग्रेसका पूर्व उप-सभापति तथा पूर्व गृहमन्त्री समेत भइसकेका निधि समानुपातिकको बाटो रोजी परमेश्वर महासेठको एकल नाम सिफारिस गराएका थिए भने यसै क्षेत्रबाट गत प्रतिनिधिसभाको निर्वाचनमा विजयी भएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का वरिष्ठ नेता राजेन्द्र महतो सर्लाही निर्वाचन क्षेत्र नम्बर २ मा पाँच दलीय गठबन्धनका उम्मेदवार महेन्द्र यादव संग प्रतिस्पर्धा गर्ने आँट गरे । लोसपाका वरिष्ठ नेता महेन्द्र यादवसंग भिडे पनि जुलीको विरुद्धमा निर्वाचन लड्ने आँट भने गरेन् ।

तर, रौतहट निर्वाचन क्षेत्र नम्वर १ बाट गत प्रतिनिधिसभाका सदस्यमा निर्वाचित भएका झालाई धनुषा ३ मा निधिको भरमा पठाइयो । निधिले पनि सुरुमा जोडबल देखाए पनि कांग्रेसकै वडा सभापतिहरुले निधिलाई अटेर गरेपछि उनले चाहेर पनि कांग्रेसका मत गठबन्धनका उम्मेदवार झालाई दिलाउन असफल भएको जारी मतगणनाको परिणामले देखाएको छ ।

धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा मात्रै पाँच हजारको हराहारीमा क्रियाशील सदस्यनै छ । निधिको लोकप्रियता घट्नुमा उनका स्वकीय सचिव विश्वास विक्रम र क्षेत्रीय सभापति भाइ धीरेन्द्र (श्याम) निधि प्रमुख भूमिका निर्वाह गरेको कांग्रेसकै कार्यकर्ताहरुको भनाइ छ ।

स्थानीय तहको निर्वाचनमा क्षेत्रीय सभापति निधिले वडाध्यक्षदेखि सदस्य सम्मको टिकट वितरणमा व्यापक रकमको चलखेल गरेको र निधिसंग कार्यकर्ताको सिधा सम्पर्कलाई स्वकीय सचिव विश्वासले आफै डिल गर्न थालेपछि आम जनतामा निधिप्रति असन्तुष्टि दिनप्रतिदिन बढ्दै गएको छ । धनुषा ३ का कांग्रेसका नेता कार्यकर्ताहरु निधिबाट असन्तुष्ट हुनुको प्रमुख कारणनै यी पात्रहरु रहेको अहिलेको निर्वाचनमा उनलाई जनताले समेत अटेर गर्नुको प्रमुख कारण यिनै रहेको वताउँछन् ।

संविधानसभाको दोस्रो निर्वाचनमा निधि र जुली आमने सामुने भएका थिए । त्यतिबेला जुलीलाई निधिले पराजित गरेका थिए । तर, जुलीले निधिको पछाडि भने छाडेका थिएन् । तर, गत प्रतिनिधिसभाको निर्वाचनमा लोसपाका वरिष्ठ नेता महतो निर्वाचन लड्ने निधो गरेपछि जुली आफै ब्याक भइ महतोलाई आन्तरिक रुपमा समर्थन जनाएर निधिलाई पराजित गराएका थिए ।

यस पटकको निर्वाचनमा जुलीसंग प्रतिशोध लिने दाउमा रहेका निधिबाट कांग्रेसी नेता कार्यकर्तानै असन्तुष्ट रहेका कारण निधिले सहयोग गरेका लोसपा नेता तथा प्रतिनिधिसभाका सदस्यका प्रत्याशी झाले जुलीलाई पराजित गर्न नसक्ने धनुषा ३ का सर्वसाधारणहरुको बुझाइ छ ।

नेपाली कांग्रेसका एक नेताले भने-'निधिजी सर्वमान्य नेता हो, उहाँलाई सबैले अहिले पनि त्यतिकै सम्मान गर्छन् तर उनमा लागेका दुई भाइरस पीए र क्षेत्रीय सभापति नबदले उहाँको अवस्था ठिक हुने छाँटकाँट देखिदैन् ।' निधिप्रति जनतामा अहिले पनि भरोसा देखिए पनि जनताको भावनाको उनलाई पनि कदर गर्नुपर्ने उनीहरुको भनाइ छ ।

# चारवटै निर्वाचन क्षेत्रको मतगणना सुरु



**ओम प्रकाश यादव**

रौतहट । रौतहटको चारवटै निर्वाचन क्षेत्रको मतगणना सुरु भएको छ । विभिन्न कारणले आइतवार राति सुरु हुन नसकेको क्षेत्र नं १, २, ३ र ४ को मतगणना ढिलोगरी सोमवार बेलुका ४ बजेदेखि सुरु भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय गौरले जनाएको छ ।

निर्वाचन क्षेत्र नं १ को गौर नगरपालिकाको जुद्ध माध्यमिक विद्यालय गौर, क्षेत्र नं २ को परोहा नगरपालिकाको माध्यमिक विद्यालय लौकाहा, क्षेत्र नं ३ को कटहरिया नगरपालिकाको माध्यमिक विद्यालय कटहरिया र क्षेत्र नं ४ को जन ज्योति बहुमुखी क्याम्पस चन्द्रनिगाहपुरमा मतगणना भइरहेको छ ।

सोमवार साँझ साढे ६ बजेको मतपरिणाम अनुसार रौतहट क्षेत्र नं १ मा नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव कुमार नेपालले सुरुवाति अग्रता लिएका छन् । मतगणनाको प्रारम्भिक नतिजामा नेपालले अग्रसता लिएका देखिएको छ । त्यस्तै,क्षेत्र नम्बर ३ मा स्वतन्त्र उम्मेदवार ओम प्रकाश जयसवालले सुरुवाति अग्रता लिएका छन् । सत्ता गठबन्धनको समर्थन पाएका स्वतन्त्र उम्मेदवार प्रभु साह दोश्रो स्थानमा छन ।

क्षेत्र नम्बर ४ मा नेपाली कांग्रेसका देवप्रसाद तिमल्सिनाले सुरुवाति अग्रता लिए पनि नेकपा एमालेका उम्मेदवार उद्धव रेग्मीसंग पछि परेका छन् । जिल्लामा रहेको आठवटा प्रदेशसभाको पनि मतगणना सुरु भएको छ ।

# पक्राउ परेका नक्कली मतदाता रिहा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा अरुको नाममा मतदान गर्ने क्रममा पक्राउ परेका आठ जना रिहा भएका छन् ।

मतदानको दिन अरुको मतदाता परिचय पत्र लिएर मतदान गर्न खोज्दा सर्लाहीका तीन जना, महोत्तरीका चार जना र धनुषाका एक जनालाई प्रहरीले पक्राउ गरेको थियो ।

उनीहरुलाई रिहा गरिएको मधेश प्रदेश प्रहरीका प्रहरी उपरीक्षक सुमन तिमल्सिनाले जानकारी दिए । उनका अनुसार वास्तविक मतदाताको परिचय पत्र लिएर उनीहरु मतदान गर्ने प्रयास गरेका थिए । उनीहरुले हाल जिम्मा जमानीमा छोडिएको भन्दै निर्वाचन आयोगको ऐन अनुसार कारबाही प्रक्रिया अगाडि बढाइने उनले बताए ।

सोमबार बिदा भएको कारण निर्वाचन आयोगसंग उक्त विषयमा छलफल नभएको उनले जनाए । मंगबलार निर्वाचन आयोगसंग छलफल गरेर अन्य प्रक्रिया अगाडि बढाइने उनले जनाए ।

सर्लाहीको वाग्मती, बलरा र विष्णु गाउँपालिकाबाट एक/एक जना पक्राउ परेका थिए । वाग्मती नगरपालिका १२ बथनिय प्रावि मतदन केन्द्रमा गौरव विश्वकर्मा र मुस्कान मोक्तानको नाममा मतदान गर्ने प्रयास गर्दा एक युवालाई प्रहरीले पक्राउ गरिएको थियो ।

त्यस्तै, बलरा नगरपालिका-४ जब्दी प्रावि मतदान केन्द्रमा पनि चन्द्रप्रकाशको नाममा मत खसाल्न गएका एक युवा र विष्णुपुर गाउँपालिका सामाजिक आधारभूत विद्यालय मतदान केन्द्रमा उदय रायको नाममा मतदान गर्न खोज्ने एक युवकलाई प्रहरीले पक्राउ गरेको थियो ।

यस्तै, धनुषाको नगराइन नगरपालिका ९ मिरा प्रावि घोरघास मतदान केन्द्रमा नरेश यादवको नाममा अरुले मतदान गर्ने प्रयास गरेका थिए ।

महोत्तरीको गौशालास्थित पनि चार जना फर्जी मतदाता पक्राउ परेका थिए । निगौल मतदान केन्द्रमा अन्य मतदाताको नाममा मतदान गर्न आएका चारजनालाई प्रहरीले पक्राउ गरेको थियो ।

# रौतहट-३ मा ओम प्रकाशको अग्रता



**टुडे समाचारदाता**

रौतहट । रौतहट क्षेत्र नं ३ मा स्वतन्त्र उम्मेदवार ओम प्रकाश जयसवाल सुरुवाति अग्रता लिएका छन् । एमालेको टिकट निष्कृय बनाइ सत्ता गठबन्धनको समर्थन पाएका स्वतन्त्र उम्मेदवार प्रभु साह दोश्रो स्थानमा रहेका छन् ।

गुजरा नगरपालिकाको वडा नं १ को मतगणना हुँदा जयसवाल अगाडि देखिएका छन भने उनलाई स्वतन्त्र उम्मेदवार प्रभु साहले पछ्याइरहेका छन् ।

# धनुषा ४ को मतगणना सुरु भएन

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्बर ४ को मतगाण्ना सुरु भएको छैन् । सोमबार रातिदेखि गणना गर्ने निर्वाचन अधिकृतहरुले तयारी गरेपनि उम्मेदवारहरुको अडानको कारण गणना सुरु हुन नसकको निर्वाचन अधिकृतको कार्यालयले जनाएको हो ।

मतगणना स्थलमा प्रतिनिधिको रुपमा बस्न हुने नहुने विषयमा विवाद देखिएको निर्वाचन क्षेत्र नम्बर ४ का सहायक मतदान अधिकृत कुवेर कुमार ढुगेलले जानकारी दिए । उनका अनुसार निर्वाचन आयोगमा विवाद देखिएको विषयमा पत्र लेखेर जानकारी गराइएको छ ।

आयोगबाट कुनै जानकारी नआएको हुनाले सोमबार रातिदेखि मतगणना हुन नसक्ने विज्ञप्तीमा उल्लेख गरिएको छ । आयोगले जवाफ दिए पश्चात गणना सुरु गरिने विज्ञप्तीमार्फत जनाइएको छ । विवाद देखिएको विषयमा लामो समय सम्म सर्वपक्षीय बैठक बसिएको थियो ।

तर कुनै उम्मेदवाहरुको अडानका कारण कुनै निष्कर्षमा पुग्न सकेनन् । यहाँ पाँच दलीय गठबन्धनबाट नेपाली काँग्रेसका सह महामन्त्री महेन्द्र यादव उम्मेदवार छन् । नेकपा एमालेका सचिव रघुवीर महासेठ र जनता समाजवादी पार्टी (जसपा)का महाजन यादव प्रमुख दलका उम्मेदवार छन् ।

# स्वतन्त्र र कांग्रेसका उम्मेदवारको अग्रता

**टुडे समाचारदाता**

पर्सा । पर्सा निर्वाचन क्षेत्र नं १ को (१) मा स्वतन्त्र उम्मेदवारको अग्रता कायम छ । निर्वाचन क्षेत्र नं २ को प्रतिनिधिसभामा नेपाली कांग्रेसका उम्मेदवारको अग्रता कायम छ ।

व ी र ग ञ ज महानगरपालिका-३२ चोर्नी गाउँको एक हजार सात सय ७५ मत गन्ती गर्दा स्वतन्त्र उम्मेदवार जनत अन्सारीले सात सय ५३, कांग्रेससहित पाँच दलीय गठबन्धनबाट नेकपा (माओवादी केन्द्र)का उम्मेदवार रहबर अन्सारीले पाँच सय चार मत प्राप्त गरेका छन् ।

नेकपा(एमाले) उम्मेदवार विचारी यादवले एक सय १४ मत प्राप्त गरेका छन् । चोर्नीको मत गन्ती गर्दा ६५ मत बदर भएको प्रमुख निर्वाचन अधिकारी विनोदकुमार पोखरेलले जानकारी दिए ।

निर्वाचन क्षेत्र नं २ को पर्सागढी नगरपालिका-१ र २ को एक हजार तीन सय ३५ मत गणना गर्दा प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार कांग्रेसका नेता अजयकुमार चौरसियाले छ सय १६ मत, जनता समाजवादी पार्टीका उम्मेदवार सुरेन्द्रप्रसाद कुर्मीले चार सय ७६ मत प्राप्त गरेका छन भने ५५ मत बदर भएको छ ।

त्यस्तै,निर्वाचन क्षेत्र नं २ को (१) मा पर्ने पर्सागढी नगरपालिका-१ र २ को दुई हजार आठ सय मत गन्ती गर्दा नेपाली कांग्रेसका उम्मेदवार श्याम पटेलले एक हजार ९०, जसपाका उम्मेदावर रामनरेश यादवले आठ सय ८१ मत प्राप्त गरेका छन् भने एक सय ६१ मत बदर भएको छ ।

पर्साको पोखरिया नगरपालिकाको उचाङ्गल रामदेश दास कलवार उच्च मावि मतगणना केन्द्रमा भइरहेको मतगणनामा पर्सा निर्वाचन क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार कांग्रेसका नेता रमेश रिजालको अग्रता कायम रहेको छ ।

छिपहमाई गाउँपालिका-५ को दुई हजार ७४ मत गणना गर्दा कांग्रेसका प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार रमेश रिजालले नौ सय ४९ मत, एमालेका उम्मेदवार जालिम मियाँ आठ सय ४२ मत पाएका छन् भने एक सय ८९ मत बदर भएको मुख्य निर्वाचन अधिकृत पोखरेलले जानकारी दिए ।

# सरिता गिरी धर्नामा



**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहा निर्वाचन क्षेत्र १ बाट स्वतन्त्र उम्मेदवारी दिएकी सरिता गिरी धर्नामा बसेकी छन् । सोमबार बेलुका सर्वपक्षीय बैठक पश्चात उनी मुख्य निर्वाचन अधिकृतको कार्यालय लहान अगाडि धर्नामा बसेकी छन् ।

मत गणना हुने प्रकृयामा असहमति जनाउँदै धर्नामा बसेको उनले बताएकी छन् । सर्वपक्षीय बैठकमा वडा अनुसार मतगणना गर्ने पार्टीका नेताहरुले सहमति जनाएका थिए ।

उक्त बैठकको निर्णयमा उनले 'नोट अफ डिसेन्ट'लेखेकी थिइन् । पछि निर्वाचन अधिकृतहरुले साझ ७ बजेदेखि गणना गर्ने निर्णय गरेपछि उनी धर्नामा बसेकी छन् । यद्यपि उनले धर्ना जारी राख्ने बताएकी छन् ।

'कानून अनुसार गणना गर्ने कि पार्टीको नेताले भनेको अनुसार ? यहाँ पार्टीको नेताले भनेको अनुसार मत गणना गर्ने निर्णय भएको छ,'उनले भनिन,'मत गणना हुने निर्देशिका अनुसार त सबै वडाको मतपेटिका एकै ठाउँमा राखेर, मिक्स गरी गणना गर्नुपर्ने व्यवस्था छ ।

तर यसको विरुद्ध वडा अनुसार गणना गर्ने पार्टीका नेताहरुले निर्णय गरेका छन् ।' वडा अनुसार गणना हुँदा दलीय निरंकुशता बढ्ने र यसको प्रभाव आम जनताले भोग्नु पर्ने उनको भनाइ छ ।

'अहिले दलहरुले आफ्नो आफ्नो टारगेट राखेका छन्, फलानो वडामा यति मत ल्याउने । वडा अनुसार गणना हुँदा उसको लक्ष्य पूरा भएन भने धाँधली गर्न सक्छ,'उनले शंका गर्दै भनिन्,' बत्ती अफ गराएर धाँधली गराउन सक्छन् । अधिकृतलाई प्रलोभनमा पार्न सक्छन् ।' पार्टीका उम्मेदवारहरु एजेन्टमार्फत पैसा बाँडेर मत खरिद बिक्री गरे पनि जनताले स्वेच्छाले मतदान गरेको उनले बताइन् । तर एजेन्टले वडाबाट भने अनुसारको मत नदिँदा द्वन्द्व फैलिन सक्ने उनको अनुमान छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८